*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३६
इस्वी सम्बत् २०१६
बिक्रम सम्बत् २०७३

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
**(बौद्ध मासिक)**

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**18th AUGUST 2016**


| वर्ष- ३४ | अङ्क- ४ | गुंपुन्हि | भदौ २०७३ |
|---|---|---|---|





जसरी सुगन्ध रहित पुष्प सुन्दर भएपनि वेकारको हुन्छ, त्यसरी नै कार्यहीन कुरो पनि नराम्रो र वेकारको हुन्छ ।

सुगन्ध र वर्ण सहितको पुष्प उपयोगी एवं मूल्य भए जस्तै कुरा गरे अनुसार कार्यान्वयन पनि हुन्छ भने उक्त सुभाषित कुरा काम लाग्ने भई सार युक्त हुनेछ ।

फराकिलो ठूलो मार्गमा फ्याँकिएको फोहरको थुप्रो बीच कमलको पुष्प फुले झैं क्लेशयुक्त पृथकजनहरूको बीचबाटै सम्यक सम्बुद्धका शिष्यहरू प्रज्ञाले प्रकाशवान् भएर प्रकट हुन्छन् ।

अरूलाई अनुशासन गर्नुछ भने पहिले आफैं त्यस्तो बनीदिनु पर्दछ । आफूलाई दमन गर्नु पर्दछ । आत्म दमन गर्नुनै ज्यादै कठिन कार्य हो ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्धका उत्तम गुणहरू

बुद्ध गुण अपरम्पार छ। यथावादी तथाकारी अर्थात् आफूले बोले अनुसार यसलाई कार्यान्वयन पनि गर्नुहुने भगवान् बुद्धको अर्को अमूल्य गुण भनेको भेदभाव रहित समान व्यवहार हो । यही उत्तम गुण समाजको शान्ति एवं आनन्दमय जीवनको लागि अति उपयोगी छ।

भगवान् बुद्धको पवित्र मैत्रीबलले प्रचण्ड स्वभावका कतिपय व्यक्तिहरूलाई ज्ञानी र शान्त पार्न सफल भएको बुद्धकालिन घटनाहरू उल्लेखित छन् । उहाँको मैत्री बलवान् र पवित्र भएको कारणले होला भगवान् बुद्धलाई हत्या गर्नको लागि बनाइएका देवदत्तका षडयन्त्रपूर्ण योजनाहरू सबै असफल बन्न पुगे ।

आखिर देवदत्त संघभेद गरी अलग्ग रहन थाले । यसरी खराब एवं दुष्ट स्वभावका देवदत्त प्रति पनि भगवान बुद्धको मैत्री कम भएको देखिएन। उहाँले आफ्नो पुत्र राहुललाई जस्तै देवदत्तलाई मैत्री पूर्ण व्यवहार गर्न सफल हुनुभयो। यो हामी जस्तो साधारण चित्त सहितका मानिसहरूको लागि सजिलो कार्य अवश्य पनि होइन ।

आखिर त्यही देवदत्त आफ्नो गल्ती स्वीकार गर्दै पश्चातापको आगोमा सल्किदै यही जन्ममा दुर्गति भोग्न थाल्यो । जीवनको अन्तिम क्षणमा आफ्नो भूल स्वीकार्दै क्षमा माग्न बुद्ध समक्ष आएका थिए । तर दुर्भाग्यवस उ भगवान् बुद्ध समक्ष पुग्न सफल भएन। जेतवन विहारको बाहिर पुग्ने वित्तिकै त्यहिं उनको मृत्यु भयो ।

"**यादिसं वपते वीजं तादिसं हरते फलं**" अर्थात् जस्तो चित्त अगाडि सारी काम गर्छ, कुरा गर्छ र योजना बनाउँछ, त्यस्तै प्रकारको फल प्राप्त हुन्छ। यो प्राकृतिक नियम हो । प्रकृतिको नियमलाई कसैले उल्लङ्घन गर्न सक्दैन । भगवान् बुद्धले हामीलाई यही प्रकृतिको सत्य तथ्य नियमहरू सिकाउनु भएको छ।

एकदिन कोशल राजा भगवान् बुद्ध समक्ष पुगी यसरी आफ्नो मन्तव्य व्यक्त गरेका थिए– "भो शास्ता ! यस संसारको धेरैजसो क्षेत्रहरूमा एक राजाले अर्को राजासंग, एक ब्राह्मणले अर्को ब्राह्मणसंग, एक गृहपतिले अर्को गृहपतिसंग, छोरा-छोरीहरू आफ्नै मातापितासंग, दाजुभाईहरू एक आपसमा कलह र झैझगडा गरी अशान्तपूर्ण वातावरण सृजना गरिरहेका छन् । यस कलहपूर्ण दूषित वातावरणले कसैको पनि मनमा शान्ति प्रदान गर्न सक्दैन ।

तर हजुरका श्रावकसंघ भिक्षुहरूको एक आपसी मेलमिलाप र समान भावना देखी म आश्चर्य चकित छु। यो सबै हजुरको अमूल्य गुणको फल हो ।"

यसरी नै जेतवन विहारबाट फर्किरहेका एक ब्राह्मणसंग अर्का ब्राह्मणले यसरी प्रश्न गरेका थिए ।

"भगवान् बुद्ध कस्तो व्यक्ति हुनुहुन्छ ?"

अर्को ब्राह्मणले उत्तर दिदै भन्यो–

"भगवान् बुद्ध शान्त, एवं कोमल स्वभावको व्यक्ति हुनुहुन्छ । मैत्रीपूर्ण व्यवहारका धनी उहाँ जातीभेद र धर्मभेदका विरोधी हुनुहुन्छ। अहंकार रहित समान भावभएका भगवान् बुद्धका यी गुणहरू हामी जस्तो साधारण व्यक्तिहरूमा हुन कठिन छ । किनभने हामीमा स्वार्थपूर्ण, षडयन्त्र, छलकपट र दुषित चित्तको बाहुल्यता हुन्छन् ।"

भगवान् बुद्ध स्वतन्त्र चिन्तनमा जोड दिनुहुने खुला विचारका व्यक्ति हुनुहुन्छ । त्यसैले उहाँ भन्नुहुन्छ–

"कुनै पनि कुरालाई विचार नपुऱ्याई विश्वास नगर्नु। कोही नाम चलेको ठूलो गुरूले भनेको, पुस्तकमा उल्लेख गरिएको र परम्परा देखि चलिआएको भन्दैमा त्यसलाई आँखा चिम्लेर विश्वास नगर्नु । मैले भनेको कुरालाई पनि तिमीहरूले विश्वास गर्नै पर्छ भनेको छैन । यसलाई आफ्नो मगज खियाएर सोच्नु । आफ्नो स्वतन्त्र चिन्तन प्रयोग गरी ठीक लागेमा मात्र स्वीकार गर्नु ।"

भगवान् बुद्धले भन्नुभएको यस कुरालाई हामीले विश्लेषण गरी भन्न सक्छौं, जसरी एउटा सुनारले सुनलाई देख्ने वित्तिकै सुन नै हो भनी विश्वास नगरी पहिला उक्त सुनको धातुलाई ढुंगामा घोटेर हेर्छ, टुक्रा पारेर हेर्छ र त्यसलाई गालेर हेर्छ। यसरी जाँच बुझ् गरी हेरेर जब त्यस धातुमा सक्कलि सुनको गुण समावेश भएको पाउँछ, तब मात्र उक्त सुनको मूल्य तिर्ने गर्छ। यसरी नै हरेक कुरालाई ठीक वेठीक छुट्टाएर स्वीकार्ने जिम्मा हामी आफैमा हुन्छ ।

भगवान् बुद्धको गुण बुझेर नै मानिसहरू उहाँलाई वैज्ञानिक र प्रजातन्त्रवादीको संज्ञा दिएको देखिन्छ । किनभने उहाँको हरेक ज्ञानमा प्रमाण सहितको प्राकृतिक नियमहरू समावेश भएको पाइन्छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–३००

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**यस्स पुरे च पच्छा च–मज्झे च नत्थि किञ्चनं**
**अकिञ्च नं अनादानं–तम'हं ब्रूमि ब्राह्मणं**

अर्थ- जो व्यक्ति भूत, भविष्य र वर्तमान बारे केही कुरामा आशक्त हुँदैन, परिग्रह–रहित हुन्छ, 'म' 'मेरो' भन्ने अभिमान हुँदैन, त्यस्ता व्यक्तिलाई नै ब्राह्मण भन्दछु ।

घटना- उपरोक्त गाथा भगवान् बुद्धले वेणुवनमा बस्नु भएको बेला धम्मदिन्ना भिक्षुणीको कारणमा भन्नुभएको थियो ।

बुद्धको समयमा विशाख उपासक र धम्मदिन्ना उपासिका तथागतको धर्ममा श्रद्धा राख्ने उपासक / उपासिका थिए । एकदिन विशाख उपासक बुद्धको धर्मदेशना सुन्दासुन्दै अनागामि मार्गफलमा प्रतिष्ठित भयो । अनि उसले विचार गऱ्यो– "म धन सम्पत्ति सबै जहान धम्मदिन्नालाई सुम्पीदिन्छु ।" घर पुग्दा सँधै जस्तो धम्मदिन्ना झ्यालमा उभीराखेकि थिइन् । अरूबेला सँधै झ्यालमा उभिएकी पत्नीलाई देखेर मुस्काउने विशाख त्यो दिन पत्नीलाई हेर्दा पनि नहेरी घरभित्र पस्यो । धम्मदिन्नाले किन यस्तो गऱ्यो होला, भैहाल्यो खाना खानेबेला सोधुंला भनी बसिन् ।

खाना खाने समयमा पनि अरू बेला भए "आऊ तिमी पनि, हामीसंगै खाऔंला" भन्ने त्यो दिन चुपचाप केही नबोली खाना खान सिध्यायो । पत्नी चाहिँले विचार गरिन्– "किन यस्तो गऱ्यो होला, म देखि रिसाएको पो हो कि ।" त्यसपछि विशाख उपासक आरामपूर्वक एक ठाउँमा बसी पत्नी धम्मदिन्नालाई बोलाएर भन्यो– "हे धम्मदिन्ना ! यो हाम्रो घरमा भएको श्री सम्पत्ति जम्मै तिमीलाई सुम्पीदिन्छु, राम्ररी सुरक्षा गरेर बस् ।" धम्मदिन्नाले "किन यस्तो गऱ्यो होला" भनी सोचेर भनिन्– "तपाइँ के गर्नुहुन्छ त स्वामि ?" विशाख उपासकले भन्यो– "म घर गृहस्थीको झमेलामा पर्दिन अबदेखि" तब धम्मदिन्नाले भनिन्– "तपाइँले फ्याँकेको कुरा म मात्र किन ग्रहण गरूं । मलाई प्रव्रजित हुने आज्ञा दिनुहोस् ।"

विशाख उपासकले सहर्ष स्वीकारी सम्मानका साथ आफ्नी पत्नीलाई भिक्षुणी संघमा लगेर प्रव्रजित गराए । धम्मदिन्नाले उपसम्पदा पनि लाभ गरी धम्मदिन्ना स्थविराको नाममा प्रख्यात भइन् । अरू भिक्षुणीहरूसंग एकान्त ठाउँमा गई धर्म अभ्यास गर्दै केही समयमै प्रतिसम्भिदा सहित अरहत भइन् । त्यसपछि विचार गरिन्– "मेरो तर्फबाट मेरा आफन्तलाई पुण्य कार्य गराउन दिन्छु ।"

यसरी सोची उनी राजगृहमै फर्केर आइन । विशाख उपासकले धम्मदिन्ना स्थविरा फर्केर आयो भनेको सुनेर "किन फर्केर आयो होला" भन्ने सोची भिक्षुणी कहाँ गई वन्दना गऱ्यो । उपासकले एक्कासि "तपाइँ शासनमा बस्न अल्सी लाग्यो कि" भनेर सोध्न अप्ठेरो लागेर अर्कै प्रश्नको रूपमा सोध्नुपऱ्यो भनी प्रश्नहरू गऱ्यो । पहिले श्रोतापत्ति मार्गको प्रश्न गऱ्यो । भिक्षुणीले त्यसको यथार्थ राम्रो उत्तर दिइन् । उपासकले क्रमैसँग अरू पनि मार्गफलको प्रश्न गर्दै अरहत पदको सम्म प्रश्न गऱ्यो । तब भिक्षुणीले भनिन्– "आज तिमीले बढी नै प्रश्न सोध्यौ भाइ विशाख । यदि अरहत्वको बारे जान्न मन लागे तथागतसंग गएर सोधे पनि हुन्छ ।"

विशाखले आफ्नो पूर्व पत्नी धम्मदिन्ना स्थविरालाई वन्दना गऱ्यो । त्यहाँबाट भगवान बुद्धकहाँ गयो । भगवान् बुद्धसँग धम्मदिन्ना स्थविरासंग भएको जम्मै कुराको वृतान्त सुनायो । बुद्धले भन्नुभयो– "मेरी पुत्री धम्मदिन्नाले सबै सही उत्तर दिएकीछिन् । मैले भएपनि यी प्रश्नहरूको उत्तर यसरी नै दिन्थे ।" यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

❖

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

क्र.सं. ८५३

**प्रबिता शाक्य**

रू. २००५।–



Downloaded from http://www.dhamma.digital

# हिलोमा कमल फुल्यो

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

बज्जिहरूको विशाल राजधानी वैशाली, जन कोलाहलले भरपुर थियो । वैशाली एकतन्त्र नभएर प्रजातन्त्र राज्य, राज्य-सभाका सबै सदस्य राजाको पदद्वारा सुशोभित थियो । त्यसैले राजनगर विभिन्न महल, भवन फूलबारी, बगैंचाले सुन्दर सुशोभित थियो । फूलवारीमा रातको समय रातकी रानी र दिनमा कमल फुल्दथ्यो । बगैंचामा विभिन्न प्रकारका फलफूलहरूका रूखहरूले भरिरहन्थे, नगरको शोभा यसबाट थप सुन्दर बन्न पुगेको थियो । सारा बज्जि राज्य धन-धान्यले परिपूर्ण थियो । नगरको सारा वातावरण विलास-वैभवको मादक तरङ्गले तरङ्गित थियो ।

नगर बाहिर एउटा आँपको बगैंचा थियो । एक विहान बगैंचाको माली रेखदेखको लागि निस्के । एउटा ठूलो आँपको रूखमुनि एउटी शिशु रोइरहेकी थिइन्, यो देखेर माली चकित भए । कुनै कठोर हृदय भएकी आमाले मलमूत्र सरह छोडेर गएकी होली । ती कन्या निश्चय नै कुनै राजघरानाकी ब्यभिचारिणी नारीकी अवैध सन्तान थिई अथवा कुनै गणीकाको अवांछित पुत्री थिई । ती अबोध बच्चीको अनुहारमा सौन्दर्यको प्रभा झल्किरहेको थियो । मालीले उनीलाई बोकेर आफ्नो घरमा लिएर आयो । मालिनी निसन्तान, सन्तानको भोको थिईन् । बच्चीलाई देखेपछि उनको मनमा वात्सल्य फुट्यो । उनको छाती भिज्यो । उनले शिशुलाई आफ्नो छातीमा टाँसेर चुम्यो । कस्ती निर्दयी आमा जसले जन्म दिनासाथै आफ्नो हृदयको टुक्रालाई यसरी चुँडालेर फ्याँकी दिईन् । असल यही भयो कि ऊ कुनै हिंसक पशुको आहार बनेन । मानौं यी बिशाल आँपको रूखले नै उनीलाई सुर क्षीत गऱ्यो, त्यसैले मालिनीले उनको नाम अम्बपाली राखिन् । ठूली भएपछि उनले धेरै नै आँपको बोट रोपेर हुर्काए, यस अर्थमा पनि कन्याको नाम अम्बपाली सार्थक भयो । मालिनीले कन्यालाई बडो मायाले पालिन् । ती चन्द्रमाको टुक्रालाई मालिनीको मायाले श्रीवृद्धि प्राप्त भयो । जसरी उनको बगैंचाको कोपिलाहरू समय भएपछि प्रफुल्लित भएर फुल्दथे, त्यसरी नै यी कन्या अत्यन्त सौन्दर्य बालिकाबाट किशोरी र किशोरीबाट नवयुवतीको रूपमा प्रफुल्लित हुँदै गईन् । शुक्लपक्ष द्वितीयाको चन्द्रमा पूर्णिमाको परिपूर्ण चन्द्रमा बनिन् । उनीले नृत्य विद्या सिकिन् र त्यसमा पारंगत भइन् । वाद्यविद्या सिकिन् र त्यसमा प्रवीन् भइन्, संगीत विद्या सिकिन र त्यसमा पनि दक्ष भइन् । यसप्रकार अनेक ललित-कलामा निपूर्णता हासिल गरिन् । यी सबैले उनको असीम सौन्दर्यमा विशेष सुभाष छरी दियो ।

प्रजातन्त्र राजघरानाका चञ्चल युवकहरूको दृष्टि अम्बपालीमा पऱ्यो । उनलाई पाउन सबै लालायित भए । आफ्नो बनाउन आतुर भए । धेरैको इच्छा परस्परको प्रतिस्पर्धामा बदल्यो, प्रतिस्पर्धा परस्परको प्रतिद्वन्दितामा बदल्यो र यी परस्परको झगडाले नगरको र राष्ट्रको सुरक्षा, शान्तिलाई खतरामा पारिदियो । ठूलाबडाले सुल्झाउन खोजे तर असफल भए । त्यसैले सबै मिलेर फैसला गरे कि उनी कुनै एकजनाको नभएर **सब्बेसु होतु** अर्थात् सबैको होस् । कुनै एउटा घरकी बधू नभएर नगरबधू होस्, जनपद बधू होस् । कुनै एउटा घरको कुलशोभिनी नभएर नगरशोभिनी होस् । जनपदशोभिनी होस् । अतः सबैले मिलेर उनलाई जनपद कल्याणीको पदमा स्थापित गरे । मगध नरेश राजा विम्बिसारले पनि अम्बपालीको सौन्दर्यको चर्चा सुने र उनलाई पाउन लालायित भए । तर बज्जी गणतन्त्र त छिमेकमै थियो । वैशाली राजनगर केही योजन पर नै अवस्थित थियो । एक दुई जना साथीसंग भेष बदलेर वैशाली पुग्यो र त्यसको मूल्य चुकाएर उसले एकरात अम्बपालीसंग विताए । उसबाट अम्बपालीको गर्भ रह्यो । उसले अम्बपालीलाई आफ्नो सही परिचय बताएको थियो । त्यसकारण गर्भिणी भएपछि अम्बपालीले यो कुराको सूचना मगध नरेशकहाँ पठाइन् । बिम्बिसारले उनको भरण-पोषणको लागि आवश्यक धन पठाउने प्रवन्ध मिलाई दियो । समय पुरा भएपछि अम्बपालीको



Downloaded from http://www.dhamma.digital

प्रसव भयो । उनीले एक बालकलाई जन्म दिइन् । बिम्बिसारले त्यो छोराको नाम विमल कौंडण्य राख्यो ।

बिम्बिसारले पद्मावतीलाई आफ्नो छोरा अभयकुमार राजगृहको राजमहलमा पालन-पोषणको लागि पठाउने आदेश दिएको थियो । पद्मावतीले यसैं गरिन् । परन्तु विमल कौंडण्य आफ्नी आमा अम्बपालीको साथमै रहे । हुन सक्छ मगध नरेशले उसको मांग गरेको थियो तर अम्बपालीलाई पुत्र वियोग स्वीकार थिएन ।

जवान भएपछि विमल कौंडण्य वैशालीमा भगवान बुद्धको सम्पर्कमा आयो । भन्न सकिएन कि उसलाई भगवान बुद्धतिर मोड्न बिम्बिसारको कतिको हात थियो, हुनत ऊ आफ्नो सबै परिवार भगवानको शिक्षाबाट लाभान्वित भएको देख्न चाहन्थ्यो । विमल कौंण्डण्य राजगृहको राजमहलमा गएन बरू आफ्नो आमासंगै वैशालीमा रह्यो । त्यसैले धेरै संभावना यस कुरामा थियो कि वैशालीको नै कुनै परिचितको माध्यमबाट भगवानको सम्पर्कमा आएको थियो । त्यो बेलासम्म वैशालीमा भगवान बुद्धको ज्यादै ख्याति फैलिसकेको थियो । धन-धान्यले परिपूर्ण वैशाली लिच्छवी गणराज्यमा एकपल्ट केही वर्षको लागि अनिकाल भयो । धेरै संख्यामा भोको असहाय मानिसहरू मर्न थाले । भोकले मर्नेहरूको संख्या यति बढे कि लाश उठाउन पनि गाऱ्हो भयो । सारा शहर सडेको लाशले भरपुर भयो । यसले धेरै रोग फैलियो । यस्तो दयनीय अवस्थामा वैशालीका राजाहरूले भगवान् बुद्धलाई वैशालीमा निमन्त्रणा गरे । भगवान् त्यहाँ रहनु भएपछि सारा उपद्रव टाढा भागे । अनिकाल सहकालमा बदल्यो, नगर रोगमुक्त भयो । अरू उपद्रव पनि टाढा भागे । मानिसहरूले सन्तोषको श्वास फेरे र यस घटनाले वैशालीमा भगवान बुद्धलाई ज्यादै प्रसिद्धि प्राप्त भयो । दिन परदिन मानिसहरू उनको कल्याणी शिक्षातिर मोड्न लागे । त्यसैले यही अनुमान गर्न उचित हुन्छ कि विमल कौंण्डण्य प्रभूत पार मी धनी भएको कारणले युवावस्थामा प्रवेश भएपछि स्वतः भगवान प्रति आकर्षित भयो । उनको उपदेशले प्रभावित भई आफ्नी वात्सल्यमयी आमा अम्बपालीलाई छोडेर घर बाट बेघर भई शिरमुण्डन गरेर भगवान कहाँ प्रव्रजित भयो ।

भगवानले उसलाई उसको अनुकूल विपश्यना साधना सिकाए जसको अभ्यास गर्दा गर्दै चाडैं ने ऊ अर हन्त भयो । अरहन्त भएपछि उसले आफ्नो हर्ष उद्‌गार अनेक अर्थ लाग्ने श्लेष भाषामा अभिब्यक्त गऱ्यो ।

**दुम्हो जाय उप्पन्नो ।**

द्रुम माने रूखको नाममा चिन्हिने अर्थात् अम्वपालीको कोखबाट उत्पन्न । द्रुमका धेरै जरा र शाखा हुन्छन् अम्बापालीको पनि धेरै पति र धेरै पुत्र भए । यो अर्थमा पनि यो श्लेष शब्द उपयुक्त भयो ।

**जातो पण्डर केतुना ।**

– श्वेत छत्रको पुत्र अर्थात बिम्बिसारको पुत्र । त्यो बेलाको भारतमा राजा-महाराजा श्वेत छत्र ओढ्थे जुन कि समय वित्दै गएपछि सुनौलो जरीले सजिएको रातो रंगको छत्र हुन पुग्यो । परन्तु छिमेकी ब्रह्म देशमा भारतको पुरानो परम्परा अझ पनि चलिरहेको छ, झल्लरदार श्वेत छत्र त्यहाँ आजकल पनि राज्य शासकको प्रतिक हो ।

**केतुहा** – माने अहंकाररूपी केतुलाई नष्ट गर्नेवाला ।

**केतुनायेव** – माने यी केतुद्वारा माने मारसंग युद्ध गर्न सक्ने प्रज्ञाद्वारा, यो धर्म ध्वजाद्वारा जसलाई **"धम्मोहि इसीनं धजा"** भनियो माने ऋषीहरूको ध्वजा धर्म नै हो, यस्तो धर्म ध्वजाद्वारा - **महाकेतुपधंसयि** ।

– पापको महान ध्वजा धारण गरेको पापी मारलाई हरायो, माने अरहन्त अवस्था प्राप्त गऱ्यो ।

जसरी कुनै हीलो भएको फोहोर तलाऊमा सुन्दर, सुगन्धित कमल उम्रेर आयो उस्तै नै एकजना गणिकाको कोखबाट यो भावी अरहन्त उत्पन्न भयो । अम्बपालीको कोख धन्य भयो, बिम्बिसारको पितृत्व धन्य भयो । धन्य भयो दुवैको संयोगबाट उत्पन्न विमल कौंडण्य । धन्य भयो भगवान बुद्धको धर्म- देशना ।

यस्तो कल्याण सबैको होस् !

*(साभार- 'विपश्यना' बु.व २५५८; वि.सं २०७१; वर्ष-३१, अङ्क-८)*

❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२७

✍ के.श्री धम्मानन्द
*अनुवादक*– मदनरत्न मानन्धर

आधुनिक वैज्ञानिक खोजको आधारमा मानव संसारको सिमानाको हामी सराहना गर्न सक्छौं । आज विज्ञानले मानव संसार इन्द्रियद्वारबाट स्पर्श गर्नसकिने तीव्र कम्पनको सिमानाभित्र बाँधिएको कुरा छर्लंग्याइ-सकेको छ र हामीले प्राप्त गर्नसक्ने सीमाभन्दा माथी वा तलपनि त्यस्ता तीव्र कम्पन भएको कुरा देखाएका छन् । रेडियो तरंग, एक्सरे, टि.भी. तरंग र माइक्रोवेभको खोज पछि हाम्रो इन्द्रियद्वारबाट हामीमाथि हदैसम्म प्रभावित गरेको कुराको सह्राहना गर्नसक्छौ । हामीले आफ्ना इन्द्रियद्वारको सानो दुलोबाट ब्रह्माण्डलाई चियाउँछौं, जस्तो कि सानो वच्चाले ढोकाको सानो दुलोबाट बाहिर चियाउँछ । यी सीमित ज्ञानको सतर्कताले हामीलाई हामीभन्दा टाढा वा हामीभित्रै छिरिरहेको अन्य विश्व संरचनाको सम्भाव्यतालाई दर्शाउँछ ।

बुद्धले भन्नुभएको छ कि ब्रह्माण्डको प्रकृति अनुसार यसको शुरू र अन्त अचिन्तेय छ । बौद्धहरू यो संसार एकै चोटी र सम्पूर्णरूपमा समाप्त हुन्छ भनी विश्वास गर्दैनन् । सारा ब्रह्माण्ड एकैचोटी विनाश भएका उदाहरण केही छैनन् । जब ब्रह्माण्डको एक खण्ड लोप हुन्छ, तब अर्को खण्ड यथावत नै रहेको हुन्छ । जब, अर्को खण्ड लोप हुन्छ पुनः अर्को खण्ड देखापर्छ अथवा अघिल्लो खण्डको विनाशबाट छरिएर रहेका वस्तुहरू मिली अर्कै खण्डको प्रादुर्भाव हुन्छ । अणुहरूको जमघट, आधारभूत तत्त्वहरूको मिलीभगत, ग्यास र असंख्य शक्तिहरूको सम्मिश्रणबाट नै यो सम्भव भएको हो । तब केहि अरू नयाँ विश्व संरचना देखापर्छ र केहि समयकोलागि रहिरहन्छ । यो ब्रह्माण्डको आदि र अन्त अचिन्तेय छ भन्नु भएको हो । कुनै कुनै बेला र विशेष कारणमा मात्र बुद्धले ब्रह्माण्डको स्वभाव र बनावटबारे व्याख्या गर्नुहुन्छ । जब जहाँ यसबारे बताउनुहुन्छ त प्रश्नकर्ताको क्षमता हेरी भन्नु हुन्छ । उच्च आध्यात्मिक उन्नतिमा नलाने यसप्रकारको आध्यात्मिक कल्पनामा उहाँ इच्छुक देखिनु हुन्न ।

मानव समुदायमा अविश्वास र भ्रष्टाचार बढ्यो भने ईश्वरले संसारको विनाश गर्छ भन्ने धारणासँग बौद्धहरू सहमत छैनन् । यस धारणामा यो प्रश्न उठ्न सक्छ, किन त्यस ईश्वरले संसारको विनाशको सट्टा मानव हृदयबाट नै खराब विचार नहटाइ दिने ? ईश्वरले विनाश गरून् या नगरून् उत्पत्ति भएको जुनसुकै वस्तुको एक न एक दिन विनाश नभइ छोड्दैन । बुद्धको शब्दमा संसार भनेको अरू केहि होइन उत्पत्ति, स्थिति, भंग र नाम र रूपको पुनर्उत्पत्ति मात्र हो ।

अन्ततोगत्त्वा, बुद्धका शिक्षा अचम्भित तुल्याउने खालको भएपनि आधुनिक विज्ञानको खोजभन्दा अगाडि नै छन् । विज्ञानमा आत्म सुरक्षा र भौतिक सुविधाको लागि बह्माण्डमाथि विजय प्राप्त गर्न समर्थ तुल्याउनु नै बह्माण्डको ज्ञान हो । तर बुद्धले जन्म-मरणको दुःखबाट मुक्त हुन धेरै मात्रामा वास्तविक ज्ञानको आवश्यकता औंल्याउनु भएको छ । दुःख मुक्तिको लागि तबसम्म आफैंले प्रयत्न गर्नुपर्छ जबसम्म आफ्नो स्वभावको यथार्थता र संसारिक परिवर्तनशीलतालाई राम्ररी जान्दैन । साँच्चै नै मुक्त हुन चाहनेले आफ्नो मनलाई तालीम गर्नुपर्छ, इन्द्रिय सुखलाई त्याग्नु पर्छ । आफूले विजय प्राप्त गर्न खोजेको संसार जब अनित्य छ भनी थाहा पाउँछ, तब मानिसले आफूभित्र अद्भूतको लडाईं देख्छ । यहि सम्यक दृष्टिको माध्यमबाट मानिसले महत्वहीन र अनावश्यक विवाद त्यागी आफ्ना मनका विकारहरू हटाउनमा सारा समय र शक्ति लगाउन थाल्छ ।

## स्वर्ग र नर्क

**बुद्धिमान मानिसले आफ्नो स्वर्ग आफै बनाउँछ, जबकि मूर्खले इहलोक र परलोकमा समेत आफ्नो नरक आफैं बनाउँछ ।**

स्वर्ग र नर्कबारे अरू धर्मको धारणाभन्दा बौद्ध धारणा बिल्कुलै फरक छ । यी ठाउँहरू स्थायी छन् भनी बौद्धहरू मान्दैनन् । मानवीय कमजोरीको लागि मानिसलाई अपराधी ठहऱ्याई नरकको डर देखाउनुको साटो उसलाई आत्म विकासको लागि प्रयास गर्ने मौका दिनु तर्कसंगत छ । नरक पुगेका कोही पनि व्यक्तिले राम्रो काम गरी त्यहाँबाट माथि उठ्न सक्छ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । नरकद्वारमा कहिं पनि ताला हुँदैन ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# अरूको दोष नियाल्नु भन्दा

✍ **क्षान्तिवती**, *धर्मकीर्ति विहार*

प्रायः मान्छेको स्वभाव जहिले पनि अरूको काममा दोष मात्र देख्छन्, फलानोले यस्तो गऱ्यो, त्यस्तो गऱ्यो भनेर, वास्तवमा आफूले चाहिँ के गरेको छ त भनेर विचारसम्म पनि नगर्ने मान्छे पनि छन्। समाजमा बस्ने सामाजिक प्राणी मानिस समाजमा बस्दा खेरी सामाजिक सञ्जालबाट बेरिएर बसेको हुन्छ, जो एक प्रकारको बन्धन हो। यो गर्न हुन्छ र यो गर्न हुन्न भनेर नै आफ्नो सारा जीवन बिताउँदछन्। बुद्धले २५०० वर्ष अगाडि नै यस्तो कुराहरूबाट अलग भएर बस्न सक्नुपर्दछ भन्ने कुरा सुत्तपिटकको खुद्दक निकाय अन्तर्गत धम्मपदको पुप्फवग्गोमा बताउनु भएको छ, जुन यसप्रकार छ –

**न परेसं विलोमानि – न परेसं कता कतं**
**अत्तनोव अवेक्खेय्य – कतानि अकतानि च✦**

अर्थ– अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफूले के गरें के गरिनं भनी हेर्नु नै बेस छ।

बुद्धले बताउनु भएको हरेक उपदेशमा मानिसको दैनिक जीवनमा व्यवहारमा देखा पर्ने समसामयिक कुराहरू पाइन्छन्। यसमा कुनै लौकिक शक्ति प्रयोग भएको छैन् वा हुँदैन। बुद्धलाई भक्ति भाव गर्दैमा अचानक त्यसको शक्ति प्राप्त गर्न सकिने पनि होइन। आफ्नो जीवन राम्रो बनाउनु छ भने जीवनभर राम्रो र इमान्दारीपूर्वक काम गर्नुपर्छ। बुद्धले बताउनु भएको छ, 'सम्यक वचन' यसको अर्थ हो, ठीक वचन। ठीक वचन पनि चार भागमा विभाजन गरिएको छ। जुन यसप्रकार छन् –

१) भुठो नबोल्नु।  २) चुकली नगर्नु।
३) कठोर वचन नबोल्नु। ४) नचाहिंदो कुरा नगर्नु।★

**सही रूपमा कुरा गर्नु –**

नचाहिंदो कुरा गरेर आफ्नो र अरूको समय बर्बाद गर्ने मान्छे समाजमा पाइन्छन्। नचाहिंदो कुरा गरी मानिसहरूमा एक प्रकारको भ्रम उत्पन्न गराउन अथवा शंका उत्पन्न गराउनु पनि एक हिसावले वचनको दुष्कर्म हो। आफ्नो विचार र चिन्तन मननलाई सही रूपमा छुट्याउन नसकेर आफूले गरेको काम कर्तव्यलाई एकातिर पन्छाएर अरूको चियोचर्चा गरी बस्ने मान्छे पनि पाइन्छन्। बुद्धको देशना अनुसार "जसले आफ्नो कर्तव्य धर्मलाई राम्रोसंग पालना गर्दछ, त्यो नै वास्तवमा धर्म हो। गृही विनयमा भगवान बुद्धले सिगालपुत्रलाई ६ दिशाको बारेमा बताउनु भएको कुरा उल्लेख छ। ती दिशाहरू यस प्रकार छन् –

| | | |
|---|---|---|
| १) | पूर्व दिशा | – आमा, बुवा |
| २) | दक्षिण दिशा | – आचार्य |
| ३) | पश्चिम दिशा | – पति पत्नी र सन्तान |
| ४) | उत्तर दिशा | – साथीहरू |
| ५) | माथिको दिशा | – श्रमण ब्राह्मणहरू |
| ६) | तलको दिशा | – नोकर चाकर◆ |

**पूर्वदिशा– आमा, बुवा –**

आफ्ना आमा बुबालाई देवता समान मान सम्मान गरेर राख्नु पर्दछ, किनकि बुबा आमाले बच्चा गर्भमा रहे देखि नजन्मिंदासम्म र जन्मेपछि ठूलो भएर आफ्नो खुट्टामा नउभिउन्जेलसम्म हात समाएर हिँडाउँछन्, साथ दिन्छन्। पाँच प्रकारले आमा बुबाले आफ्ना छोरा छोरी हुर्काउँछन्।

१) नराम्रो बानी बसाल्न दिँदैनन्। पञ्चशीलमा बस्न सिकाउँछन्। नराम्रो काम गरेर हिँड्नेलाई विभिन्न प्रकारले धर्मका कुरा बताई रोक्दछन्।

२) असल काम, कुराहरू सिकाउँछन्। ठूलाबडा गुरूहरूको संगत गर्न लगाउँछन्। विहारहरूमा राखी बुद्धशिक्षा सिकाउने काम गर्दछन् वा आफ्नो संस्कार र धर्म अनुसार गुरूहरूको संगत गराउन लगाउँछन्।

३) आफ्नो कुलमा चलिआएको शिल्प विद्या लगायत विभिन्न प्रकारका बहुश्रुत ज्ञान दिन्छन्। शिल्प विद्यामा पारंगत गराइदिन्छन्।

४) यौवन अवस्थामा पुगेपछि इच्छा हेरी योग्यता हेरी छोरालाई बुहारी बिहे गरी दिन्छन् र छोरीलाई राम्रो केटा खोजेर बिहे गरी दिन्छन्।

५) त्यसरी योग्यता प्राप्त गरी आफ्नो बुवा आमाले जीवनभर दुःख गरेर कमाएको सम्पत्ति प्राप्त गर्न योग्य हुनु पर्दछ।▼

यसरी बुबा आमाले छोराछोरीलाई आफ्नो खट्टामा नउभिउन्जेल राम्रोसंग हेरविचार गर्छन्, त्यसकारणले छोराछोरीले पनि आफ्ना बुवा आमालाई यसरी नै ख्याल राख्नु पर्दछ भनी आमा बुवाप्रति छोराछोरीको कर्तव्य यसरी बताउनु भएको छ।

✦ धम्मपद पृ.नं. २४। ★ बौद्ध दर्पण, पृ.नं. ४२। ◆ गृही विनय पृ. ४२। ▼ पूर्ववत् पृ. ४६।



Downloaded from http://www.dhamma.digital

**१. बृद्धावस्थामा पालन पोषण गर्नु**

आमाबुबा बृद्धबृद्धा भइसकेपछि उहाँहरूलाई राम्रोसंग पालन पोषण गर्नुपर्छ। जसरी बुवाआमाले आफ्नो सबै सम्पत्ति सम्फेर रक्षागर्नु हुन्छ, सुरक्षा गर्नुहुन्छ। दिसा, पिसाब, सिंगान घिन नमानी सफा गरीदिनुहुन्छ । छोराछोरीले चाहेको हरेक कुरा पूरा गरिदिनुहुन्छ। सफा सुघर गरिदिने, मन परेका खाना पकाएर खुवाउने, समय समयमा उहाँहरूको साथीहरूसंग भेटघाट गराई दुःख सुखको कुरा गराउन लगाउने गरी राम्रो संग भक्तिभाव गरी राख्नु पर्दछ ।

**२. कामकाज गरिदिनु**

आमाबुबा बृद्धबृद्धा अवस्थामा पुगेपछि उहाँहरूको घरायसी कामदेखि सरकारी कामसम्म सबै काम आफूले जिम्मा लिनु पर्छ । यसरी काम जिम्मा लिएको खण्डमा बुवाआमाले हलुकासंग बस्न पाउँछन् ।

**३. कुल परम्परा स्थिर राख्नु**

आफ्नो बुबाआमाले कमाई राखेको सम्पत्तिलाई रक्षा गर्नु, खेतीपाती आदिको सुरक्षा गर्नु, दानादि कुशल कर्मलाई अगाडी बढाउनु, आफ्ना आमाबुवाले गरीराखेको अकुशल काम छ भने त्यसलाई हटाउनु, पञ्चशील पालना गराउनु, पाँच प्रकारको व्यापार व्यवसायबाट अलग्ग राख्नु, बुवाआमाको भन्दा पनि उच्च काम गरी कुल परम्परालाई स्थिर राख्नु पर्दछ ।

**४. अंश लिन योग्य बन्नु**

आफ्नो बुवाआमाको योग्य पुत्र वा अंश लिन योग्य हुनु पर्दछ। बुवाआमाको इज्जतलाई जोगाई राख्नु पर्दछ । बुढा बुढीको बेला वास्ता नगरी बस्ने अंश मात्र लिएर भाग्ने पनि यस समाजमा नभएका होइनन्। आफ्ना बुवाआमाले कमाएको धन लिन 'म योग्य छु वा छैन' भन्ने विचार गर्नु जरूरी छ। राम्रोसंग शिक्षा लिने, इज्जत थाम्ने आदि कार्य गर्नुपर्छ ।

**५. दिवगंत भएका आमाबुवाको नाममा पुण्यदान गर्नु**

आफ्ना आमाबुवाको सम्पतिको हकदार भएपछि दिवंगत हुनु भएका बुवाआमाको नाममा पुण्य दान दिनुपर्दछ । ध्यान भावना गरेर, शील पालना गरेर, भिक्षुहरूलाई बोलाई दान गरी सबै पुण्य सञ्चय गरी आफ्नो बुवाआमाको नाममा पुण्य छोदिदिनु पर्छ। किनकि दिवंगत बुवाआमालाई दिनसक्ने पुण्य बाहेक अरू केहि हुन्न। त्यसकारण आफ्ना बुवाआमालाई जीवित अवस्थामा मात्र होइन, दिवंगत भई सकेपछि पनि निरन्तर रूपमा राम्रो संग व्यवहार गर्नुपर्दछ ।✤

त्यसकारणले आफ्नो कर्तव्य के हो भन्ने कुरा जसले राम्रोसंग निभाउन सक्दछ उसले नचाहिंदो कुरा गरी आफ्नो र अरूको समय खेर फाल्दैन ।

जसरी खेतमा धान लगाउछौं, धान मात्र सप्रियर आउँदैन, त्यसमा घाँस र भारपात पनि उम्रेको हुन्छ। त्यस भार जरैदेखि उखेलेर फाल्ने गरिन्छ। त्यस्तै गरी अरूले गरेको कुरा कामलाई पनि वास्ता नगरी आफूले गरेको कामलाई अभ राम्रोसंग गर्नसक्ने होस भन्ने हढ मनमा राखि गुर्न जरूरी देखिन्छ ।

बुद्धले ६ वर्षसम्म घोर तपस्या गर्नुभई दुःखबाट हुने उपाय पत्तालगाउनु भयो। सबैभन्दा पहिला आफूले नै अनुभव गर्नुभयो र सारा सत्व प्राणीहरूको हित कल्याणको लागि लागीपर्नुभयो । त्यसैले अरूको दोष खोजी बस्नुको सट्टा आफ्नो र अरूको भलाई हुने कार्य गरेको खण्डमा कल्याण हुने हुन्छ। अरूको बारेमा चिन्तन मनन् मात्र गरेर बसेको खण्डमा आफ्नो हानी हुन्छ भनी बुद्धले धम्मपद गाथा ५१ मा बताउनु भएको छ, जुन यसप्रकार छ –

**यथापि अचिरं पुप्फं – वण्णवन्तं अगन्धकं**
**एवं सुभासिता वाचा – अफला होति अकुब्बतो**

अर्थात्– जस्तो बास नआएको फूल राम्रो भएता पनि निष्फल हुन्छ, त्यस्तै क्रियाहीन कुरा पनि निष्फल हुन्छ । यस गाथाबाट स्पष्ट पारिएको छ कि नचाहिने कुराबाट न आफ्नो न अरूको नै भलो हुन्छ। सबैको भलो र उद्धारको लागि गरिएको कार्य नै सही रूपमा गरिएको काम हो । त्यसकारणले बुद्धले २५०० वर्ष पहिले भन्नुभएको कुरा अहिले पनि अत्यन्त सान्दर्भिक र महत्वपूर्ण भइरहेको छ भन्दा अत्युक्ति हुंदैन ।

भवतु सब्ब मङ्गलं ।

सन्दर्भ सामग्री :
१) बज्राचार्य, प्रकाश **बौद्ध दर्पण**, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, काठमाडौं, २०६७ ।
२) महास्थविर, भिक्षु अमृतानन्द, **गृही विनय**, नेपाल बौद्ध परियत्ति शिक्षा, विश्व शान्ति विहार, काठमाडौं, २०७२ ।
३) महास्थविर, भिक्षु अमृतानन्द, **धम्मपद**, आनन्दकुटी विहार गुठी, काठमाडौं, २०४६ ।

✤ पूर्ववत् पृ. ४४ ।



Downloaded from http://www.dhamma.digital

# नारी मुक्तिको प्रथम आवाज "थेरीगाथा"

✍ सह प्रा. उर्मिला ताम्राकार

**भुमिका –**

कुनै पनि देश वा समाजको समृद्धिमा महिला–पुरूष दुवैको समान रहेको हुन्छ। तर मानव सभ्यताको इतिहास अध्ययन गर्दा धेरै पहिले देखि नै महिलाहरूको क्षमतालाई कम आँकलन गर्दै उनीहरूलाई समाजको दोश्रो दर्जामा राखी पुरूषले आफ्नो प्रभुत्व जमाइराखेको स्पष्ट देखिन्छ। श्रमविभाजनको प्रारम्भिक कालदेखि नै महिलाहरूको हातमा घरको कामकाज संभाल्नु र बालबच्चाहरूको पालनपोषन गर्नु जिम्मा दिई अन्य सामाजिक तथा आर्थिक क्रियाकलापमा उनीहरूको सहभागितालाई आवश्यक ठानेका थिएनन्। त्यतिबेला महिलाहरूलाई दुई औंले ज्ञानकी' भन्ने चलन रहेको थियो[१]। महिलाहरूको शारीरिक संरचना र नारी मनो विज्ञानलाई अनेक परम्पराग मूल्य मान्यताहरूको घेराभित्र हालि अनुशासनको बन्धनमा बाँधिएको थियो। आफ्नो ईच्छा आकांक्षालाई दबाएर बसेका केहि महिलाहरूको मनमा त्यतिबेला पनि बिद्रोह नउठेको भने होइन। ई.पु. छैठौं शताब्दीतिर बुद्धको सामिप्यता पाएपछि सर्वप्रथम महिलाहरूले आफ्नो अन्तरद्वन्दको आवाजलाई समाज र परिवारको अगाडि राखि बिद्रोह गरेका थिए। यस पत्रका तत्कालिन महिलाहरूले स्वतन्त्रताको लागी गरेको बिद्रोह, संघर्ष र अन्तमा विजय हासिल गरेपछिको अनुभवलाई उनीहरूकै मुखबाट कसरी ब्यक्त गरिन् भन्ने कुरा "थेरीगाथा" ग्रन्थको आधारमा देखाउने प्रयास गरि एको छ।

**परिचय –**

"थेरीगाथा" विश्वका सर्वप्राचिन नारीजातिद्वारा रचना गरिएको प्रथम ऐतिहासिक काव्य संग्रह हो[२]। यसभित्र तत्कालिन महिलाहरूले आफ्नो स्वतन्त्रताको विजय प्राप्ति पछि अत्यन्त हर्षित भई मनको उद्वेगलाई थाम्न नसकी स्वतः स्फूर्त रूपमा ब्यक्त गरिएका गाथाहरू संग्रहित भएका छन्। उनीहरूले आफ्नो गाथामा बुद्धधर्मका मूलभुत दर्शन देखि लिएर जीवानुभवलाई अत्यन्त सुन्दर लयात्मक गीति काव्यशैलीमा प्रस्तुत गरिएका थिए। उनीहरूको गाथाको लयात्मक काव्यशैलीलाई वैदिक ऋचाहरू देखि कालिदासको महाकाव्य तथा जयदेवका गीतगोविन्द जस्ता भक्ति र श्रृंगार रसादियुक्त साहित्यसंग तुलना गरिएको छ[३] त्यस्तै यसका काव्यशैलीलाई थेरगाथाको काव्य शैलीभन्दा उत्कृष्ट मानिएको छ[४]। यिनीहरूको गाथाहरूमा बुद्धवचनको साथै अन्य ब्यक्तिहरूसंगको संवाद पनि सम्मिलित छन्। यी गाथाहरूलाई भगवान बुद्ध स्वयंले पनि प्रशंसा तथा अनुमोदन गरेको हुनाले बुद्ध वचनको स्थान प्राप्त भएको छ। यी गाथाहरू तत्कालिन समयमा भजन जस्तो गाउने चलन रहेको हुनाले मौखिक परम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आए। जब ईसाको प्रथम शताब्दीमा आएर श्रीलंकामा बुद्धवचनहरू लिपिबद्ध भए तब यी गाथाहरू पनि लिपिबद्ध भइ त्रिपिटकको एक ग्रन्थको रूपमा सुरक्षित भए। थेरीगाथाको उद्‌गारहरू पालि त्रिपिटकका अन्य ग्रन्थहरू जस्तो थेरीअपदान, संयुक्तनिकाय, धम्मपद र मज्झिमनिकाय आदिमा पनि पाईन्छ।

**थेरीगाथा –**

"थेरगाथा" तथा "थेरीगाथा" पालि त्रिपिटकका दुई महत्वपूर्ण ग्रन्थहरू हुन्। यी सुत्तपिटकको पाँचौ ग्रन्थ खुद्दकनिकाय अन्तर्गतका आठौं तथा नवौं ग्रन्थ हुन्। "थेरगाथा" मा जेष्ठ तथा ज्ञानमा परिपक्व अर्हत भिक्षुहरूद्वारा ब्यक्त गरिएका उद्‌गारहरू संग्रहित छन भने "थेरीगाथा" मा भिक्षुणीहरूद्वारा ब्यक्त गरिएका उद्‌गारहरू संग्रहित छन्।

"थेरीगाथा" दुई पालि शब्द 'थेरी' र 'गाथा' को संयोगबाट बनेको छ। पालिमा 'थेरी' को अर्थ थेष्ठ, अग्रणी वा ज्ञानमा परिपक्व भिक्षुणी हो भने 'गाथा' को

१ गाथा नं. ६०, थेरीगाथा।

२ डा. विमलकीर्ति, "नारीजाति कि स्वतन्त्रताका प्रथम ऐतिहास", (इलाहवाद, हिन्दी साहित्य सम्मेलन, इ.सं. २०००)

३ भरतसिंह उपाध्याय, "पालि साहित्यका इतिहास", (इलाहवाद, हिन्दी साहित्य सम्मेलन, इ.सं. २०००)

४ ब्लाकस्टोन, काथरिन आर, "वूमेन इन द फुटस्पेप अफ दि बुद्ध; स्ट्रगल फर लिवरेशन इन दि थेरीगाथा", (न्यू दिल्ली; मोतिलाल बनारससीदास पब्लिकेशन, इ.सं. २०००)



Downloaded from http://www.dhamma.digital

अर्थ गीत, श्लोक वा उद्‌गार वाक्य हो। अतः "थेरीगाथा" भन्नाले ज्ञानमा परिपक्व अर्थात् प्रतिसम्भिदा सहित अर्हत्त्व प्राप्त गरेका भिक्षुणीहरूको उद्‌गारहरू संग्रह गरिएको ग्रन्थ हो। पद्यात्मक शैलीमा रचना भएको यस ग्रन्थमा ७३ जना बुद्धका शिष्या भिक्षुणीहरूको जम्मा ५२४ वटा गाथाहरू संग्रहित भएका छन्। जसलाई संख्याको आधारमा १६ वटा निपातमा विभक्त गरिएका छन्। प्रत्येक गाथाहरूमा चारवटा 'पद' र आठवटा 'शब्दांशमा' विभक्त गरिएका छन्। उदाहरणको लागि,

**"इत्थिभावो नो किं कयिरा, ⁄ चित्तम्हि सुसमाहिते।**
**ञ्याणम्हि वत्तमानम्हि, ⁄ सम्माधम्मं विसस्सतो॥"**[५]

अर्थात् "मेरो चित्त सुसमाहित छ, मसंग अहिले ज्ञान छ। सम्यक धर्मलाई राम्रोसंग दर्शन गरे, स्त्रीभाव भएर के हुन्छ र ?"

कुलबाट आएकी भिक्षुणी सोमाको हो। उनलाई ब्राह्मण धर्मको सत्कायदृष्टी र अन्धविश्वासले निर्वाण लाभ गर्नमा धेरै मार आएको थियो। जुन स्थान ऋषीहरूले प्राप्त गर्न त गाऱ्हो छ, दुई औंले ज्ञान भएकी स्त्रीहरूले त्यसलाई पाउन सक्दैन भन्ने त्यसबेलाको ब्राह्मण समाजको धारणालाई निर्वाण प्राप्ति पछि सोमाले माथि उल्लेखित गाथाद्वारा जवाफ दिएकी थिइन्।

**बुद्धशासनमा जातिय समानता –**

भगवान् बुद्धले आफ्नो शासनमा महिला-पुरूष, धनी-गरिव, उँच-नीच भनेर कहिले पनि भेदभाव गरेको थिएन। महिलाहरूले पनि तथागतको धर्मविनयमा घरवार छोडी अनागारिका भई प्रव्रजित भएका मार्गफल प्राप्त गर्न सक्ने भएकोले भिक्षु आनन्दको प्रार्थनामा बुद्धले महिलाहरूलाई पनि प्रव्रजित हुने आज्ञा दिए। सर्वप्रथम प्रजापति गौतमीले अष्टगरू धर्मलाई स्वीकार गरी बुद्धशासनमा भिक्षुणी प्रव्रज्या ग्रहण गरिन्। बुद्धले महिलाहरूको लागि अष्टगरू धर्म प्रज्ञापन गरेको विषयलाई लिएर अंगुत्तरनिकायको अट्ठकथामा यसरी स्पष्टीकरण गरिएको पाईन्छ। स्त्रीजातिको कमजोर स्वभाव, त्यसबेलाको नारीसमाज, राजपरिवारका नारीहरूको सुरक्षा तथा भिक्षु-भिक्षुणीहरू दुवै समाजको हितको लागि यो आवश्यक थियो[६]। प्रजापति गौतमीले प्रव्रज्या लिएपछि उनीसंग आएका अन्य पाँचसय शाक्य स्त्रीहरूले पनि भिक्षुणी प्रव्रज्या ग्रहण गरिन्। यसरी बुद्ध शासनमा भिक्षुणी संघ स्थापना भएपछि धनी-गरिव, उँच-नीच, श्रेष्ठी, महारानी, राजकुमारी, ब्राह्मणी, दासी, गणिका लगायत सबै जातका महिलाहरूले पनि आ-आफ्नो स्वतन्त्रका लागि घरवार त्याग गरिन्।

खेमा, सुमना, शैला र सुमेधा कोशल, मगध तथा आलवी राजवंशका महिलाहरू हुन भने प्रजापतिगौतमी, तिष्या, अभिरूपानन्दा, सुन्दरीनन्दा, जयन्ति, सिंहा, तिष्या(२), धीरा, मित्रा, भद्रा, उपशमा, उत्तरा आदि भिक्षुणीहरू शाक्य तथा लिच्छवी वंशका थिइन्। मैत्रिका, उत्तरा, उत्तमा, चाला, उपचाला, शिर्षोपचाला, राहिणी, सुन्दरी, सुभा(२), भद्राकापिलानी, सकुला, चन्दा, गुप्ता, दन्तिका र सोमा ब्राह्मण वंशका थिइन्। पूर्णा, चित्रा, श्यामा, उब्बिरी, शुक्ला, धम्मदिन्ना, उत्तमा, भद्राकुण्डलकेशा, पटाचारा, सुजाता र अनुपमा आदि गृहपति तथा श्रेष्ठी वर्गका थिइन्। अढ्कासी, अभयमाता, विमला र अम्बपाली गण्किा(वेश्या) वर्गका थिइन्। शुभा (१) सुनारको पुत्री, चापा एक ब्याधाको पुत्री र पूर्णिका एक दासीको पुत्री थिइन्।

**गृहत्याग गरेको कारण –**

अनेक सामाजिक कुलमा जन्मेकी यी महिलाहरूले अनेक कारणले गर्दा घरवार त्यागगरी भिक्षुणी भई बुद्ध, धर्म र संघको शरणमा आएको कुरा थेरीगाथाको अट्ठकथामा उल्लेख गरिएको छ। जस अनुसार,

- मुक्ता (२) र पूर्णाले ज्ञान सम्पत्ति पूर्णताका लागि
- मुक्ता (१) र सुमंगलमाताले घरको कामकाज तथा दोषबाट दिक्क भएर
- धम्मदिन्नाले पतिको वैराग्यताबाट प्रेरित भएर
- धम्मा, चित्रा, मैत्रिका, दन्तिका, शुक्ला, सोमा, सिंहा, सुजाता, अनुपमा, पूर्णिका, अम्बपाली रोहिणी, शुभा, बुद्धप्रतिको श्रद्धाको कारण
- श्यामा, उब्बिरी, सुन्दरी नन्दा, पटाचारा, चन्दा, वाशिष्ठी प्रजापतिगौतमी प्रियजनहरूको मृत्युको शोकले गर्दा
- सोणा छोरा बुहारीहरूको अकृतज्ञताको कारण

५ गा.नं. ११, थेरीगाथा।

६ "भिक्षु अमृतानन्द, बुद्धकालिन श्राविका-चरित" भाग १, (आनन्दकुटी विहार, इ.सं. १९७५)



Downloaded from http://www.dhamma.digital

- भद्राकुण्डलकेशाअकृतज्ञ तथा धूर्त पतिको कारण
- ऋषिदासी पतिहरूले त्याग गरेको कारण
- भद्राकापिलानी र चापाले आ-आफ्नो पतिको अनुशरण गरेर
- चाला, उपचाल र शिर्षोपचालाले आफ्नो दाजु सारीपुत्रको अनुशरण गरेर
- विमला बुद्धका अग्रश्रावक महामौद्गल्यायनलाई आफ्नो रूप सौन्दर्यद्वारा पराजितगर्त नसकेपछि लज्जित भएर
- भद्राकुण्डलकेशा र नन्दुत्तरा बुद्धका अग्रश्रावक सारीपुत्रसंग शास्त्रार्थमा हार खाएर
- श्यामा(२), अभया र विजया आफ्नो सखी भिक्षुणी भएको कारण

**मुक्तिको लागि संघर्ष –**

जुनसुकै कारण तथा परिस्थितिले गर्दा भिक्षुणी भएको भएतापनि निर्वाण प्राप्त गर्नु उनीहरूको लागि चुनौतिको विषय बनेको थियो । फलाना भिक्षु-भिक्षुणीले आश्रव क्षयगरी चित्तविमुक्ति, प्रज्ञाविमुक्तिगरी स्वयं दृष्टधर्मसाक्षात्कार गरी बस्छ भन्ने कुरा सुनेपछि उनीहरूपनि त्यसधर्म प्राप्त गर्न उत्साहित हुन्थे । तर उनीहरूको लागि मुक्ति पाउने काम त्यति सजिलो भने भएन । अत्यन्त संघर्ष गर्नु परेको थियो । प्रव्रजित भएको २५ वर्ष सम्म पनि चुत्कीभर चित्तलाई शान्त पार्न नसक्दा बढ्डेसीमाता आफ्नो दुई हात समाइ धुरूधुरू रूने गर्दथिन् । भिक्षुणी भएको सात वर्ष हुँदा पनि पञ्चकाम विषयको भोग इच्छालाई दमन गर्न नसक्दा भिक्षुणी सिंहाले आफ्नो घाँटीमा पाशो लगाइन् भने भिक्षुणी विजया चार पाँच पटक विहारबाट भागिन् । भिक्षुणी धम्मा र चित्रालाई रोग र दुर्बलताले गर्दा ध्यान अभ्यास गर्न निकै गाऱ्हो भएको थियो । भिक्षुणी उब्बिरी आफ्नो प्यारी छोरी जीवाको मृत्युशोकलाई बिर्सन नसक्दा दिनहुँजसो मसानमा गएर रूने गर्दथिन् । अझ बुद्धप्रति अत्यन्त श्रद्धा भएकी भिक्षुणी मित्तकाली त झन लाभ सत्कारको लोभमा परी दिनहुँजसो झगडा र कलह मात्र गरेर दिन बिताउने गर्दथिन् । चाला, उपचाला र सोमा जस्ता ब्राह्मणी भिक्षुणीहरूलाई आफ्नो ब्राह्मण धर्मको संस्कार तथा आत्मावादी दृष्टीका मारहरूले विचलित पार्न खोजेका थिए । खेमा, अभिरूपानन्दा, सुन्दरीनन्दा आदि भिक्षुणीहरूलाई आफ्नो सौन्दर्यको रूपाभिमानले गर्दा बरोबर मारले युवकको भेष धारण गरीप्रलोभन देखाइ बहकाउन खोजेको थियो । त्यस्तै शुभा (२) लाई उनकि सुन्दर आँखाको कारण मोहित भई एक चरित्र भ्रष्ट युवकले बाटो छेकी दुष्कर्म गर्न खोजेको थियो । त्यतिबेला उनले आफ्नो सुन्दर आँखालाई नै फुटालेर रक्त सहित त्यस युवकको हातमा दिइ आफ्नो ज्यान बचाएकी थिइन् । यसरी मुक्त पाउने मार्गमा ती भिक्षुणीहरूले धेरै अवरो धहरूको सामना गर्नु परेको थियो ।

**मुक्तिपछिको हर्षउद्गार –**

धेरै संघर्ष पछि अन्ततः ती भिक्षुणीहरूले भव-चक्रको बन्धन तोडी निर्वाण प्राप्त गर्न सफल भइन् । उनीहरूको सारा दुःख समाप्त भएर मुक्ति प्राप्त भए । थेरीअपदान पालि अध्ययन गर्दा उनीहरूको मुक्तिमा मुख्यतया दुईवटा कुराले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । (१) हेतु (२) कर्मफल सिद्धान्त

१. यी नारीहरूले असंख्य कल्पदेखि अतितका बुद्धहरू जस्तो पद्मोत्तर, फुस्स, विपस्सी, सिखी, वेस्सभु, कोणागमन, ककुसन्ध तथा कास्सप बुद्धका पालाहरू देखि बुद्ध धर्म प्रति अत्यन्त श्रद्धका साथ दानादी कर्महरू गर्दै आएकी थिइन् । निर्वाणको लागि कर्म संस्कारको वीज रोपी आएकी थिइन् ।

२. कुनै जन्ममा गल्तिवश वा तृष्णामा वशिभूत भई अकुशल कर्म गरेको विपाक स्वरूप विभिन्न कुलमा जन्मि विपाक भोग गरेकी थिइन् । गौतम बुद्धको पालामा आएर उनीहरूको कर्म संस्कार क्षय भई पहिले देखि गर्दै आएको पुण्य संस्कार तथा यस जन्ममा गरेको कठिन ध्यानाभ्यासद्वारा जाति, जरा, ब्याधि, मरणको भव-चक्रबाट मुक्तिपाई प्रतिसंभिदा सहित अर्हत्व लाभ भएको थियो ।

अर्हतत्त्व प्राप्ति पछिको खुसियालीमा उनीहरूले अत्यन्त भाव बिभोर भई स्वतः स्फुर्त रूपमा आ-आफ्ना भुक्तिलाई विभिन्नगाथाद्वारा ब्यक्त गरेकी थिइन् । मुक्ता थेरीले आफ्नो मुक्तिलाई यसरी ब्यक्त गरेकी थिइन,

**"सुमुता साधुमुत्ताम्हि, तीहि खुज्जेहि मुत्तिया**
**उदुक्खलेन पतिना खुज्जकेन च, मुत्ताम्हि जातिमरणा**
**भवनोति समूहता' ति ॥"**[७]

७ गा.नं. ६१. थेरीगाथा ।



Downloaded from http://www.dhamma.digital

अर्थात्– म मुक्त भएँ, सुविमुक्त भएँ । कुप्रिएको तीनै वस्तुबाट मैले मुक्ति पाएँ । कोदालो, हँसिया र कुप्रिएको स्वामीको तर्फबाट मुक्त भएँ । जरा मरणको चक्रबाट मुक्त भएँ । मेरो संसाररूपी बन्धन चुँडियो ।

यस्तै प्रकारको उद्गारहरू सुमंगलमाता, गुप्ता, शुभा आदि थेरीहरूको पनि थियो । ज्ञान दर्शनमा स्त्री पुरूषको विच भेदभाव नहुने कुरा भिक्षुणी सोमाले व्यक्त गरिन् ।

**"इत्थिभावो नो किं कायिरा, चित्तम्हि सुसमाहिते ।**
**ञाणम्हि वत्तमानम्हि, सम्माधम्मं विपस्सतो"**[८]

अर्थात्– मेरो चित्त सुसमाहित छ, मसंग अहिले ज्ञान छ। सम्यक धर्मलाई राम्रोसंग दर्शन गरे। स्त्री भाव भएर के हुन्छ र ?

**"नहि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो।**
**इत्थिपि पण्डितो होति, लहुँ अत्थविचिन्तिका'ति**[९]

अर्थात्– सबै ठाउँमा पुरूष मात्रै पण्डित हुन्दैन, स्त्रीपनि पण्डितनी हुन्छे। क्षणभर मै स्थितिलाई बुझ्न सक्ने हुन्छे।

आफूलाई धोका दिई मार्न ल्याएका लोग्नेलाई कुनै पनि हालतमा सम्झाउन नसक्दा भद्राकुण्डलकेशाले स्वाइँ खाने बहानामा भीरबाट खसाली दिए । उनको यस साहसलाई प्रशंसा गरी त्यस ठाउँको स्थानिय देवताले यो गाथा व्यक्त गरेको थियो ।

यस्तै प्रकारले नारीको वीरता, साहस, तर्क आदिको चित्रण रोहिणी, शुक्ला, पूर्णिकाको गाथाहरूमा पाइन्छ । उब्बिरी, किसागौतमी, बशिष्ठीको गाथाहरूमा आफन्तहरूको मृत्युका वर्णन छन् भने पटाचाराको गाथाहरूमा जीवनका सारा दु:ख वेदनाहरू लुकेका छन्। रोहिणी, अनुपमा, सुमेधाको गाथाहरूमा आ-आफ्नो विवाहको कडा बिरोध गरि बहस गरेको र अन्तमा आफूले नै जिती भिक्षुणी भएको कुरा वर्णित छन् । रोहिणीको पिताले त झन आफु रोहिणीको पिता हुन पाएकोमा धन्य भनि ब्राह्मण धर्मलाई नै त्याग गरी बुद्ध, धर्म र संघको शरण गएको कुरा उल्लेख छ । अम्बपालिको गाथामा आफ्नो रूपलाई नै अनित्यताको उदाहरण दिएको तथा सुमेधाको गाथामा बौद्ध धर्मका उत्कृष्ट उदाहरण तथा गम्भिर दर्शन प्रस्तुत भएका छन्। अड्ढकासि र विमलाले आफ्नो पूर्व जीवन, वेश्या हुँदाको अवस्था समेतलाई विना संकोच वर्णनगरी अब आफू स्वतन्त्रतापूर्वक नयाँ आदर्श जीवन जीउन पाएकोमा खुसियाली ब्यक्त गरेकी छिन् ।

यसरी "थेरीगाथा" मा भिक्षुणीहरूले पुरा इमान्दारिताको साथ विना संकोच आफ्नो पूर्व जीवनको विषमता-कटुता, सुख-दु:ख, हर्ष-विष्मादलाई जीवनको यथार्थता सम्झि स्वीकारेका छन् । त्यसैले विद्वानहरूले "थेरीगाथा" लाई "थेरगाथा" भन्दा उत्कृष्ट मानेका छन्।

**निष्कर्ष –**

बुद्धको महापरिनिर्वाण भएको आज छब्बिससय वर्ष बितिसक्दा पनि महिलाहरूले धार्मिक, साँस्कृतिक, सामाजिक एवं राजनैतिक स्वतन्त्रका लागि संघर्ष गरिरहेका छन् । आज विश्वव्यापि रूपमा महिला सशक्तिकरणका आवाजले ब्यापकता पाइरहेको छ । महिलाहरूको मानव अधिकार सुनिश्चित गर्नाको निम्ति धेरै अन्तरराष्ट्रिय सम्झौताहरू भएका छन्। जसमा सबै जसो देशहरूले महिला विरूद्ध हुने विभेद हटाउने कुरामा सहमति भएका छन्। तर पनि हालसम्म विश्वको कुल जनसंख्या मध्ये आधा भाग ओगटेका महिला वर्ग भने पिछडिएका छन् । विशेषगरी विकासोन्मुख देशका महिलाहरूको हातमा घरका निर्णयहरू गर्ने तथा साधनहरूमा पुरूषको भन्दा कम अधिकार छ। त्यसमाथि पनि नेपाल जस्तो कम विकसित देशमा त झन महिलाहरूको क्षमतालाई कम मुल्याङ्कनगरी हरेक क्षेत्रमा अत्याचार, अन्याय, शोषण भइरहेका छन्। घरेलु हिंसा, यौन दुर्व्यबहार, बलात्कार, अपहरण जस्ता घटनाको शिकार भई निन्दित हुन परेका छन्। पुनर्स्थापनाको लागि धेरै गाऱ्हो छ। कतिपय उच्च वर्गका महिलाहरू समेत अनेक मानसिक दवावबाट पीडित छन् । यस्तो परिस्थितिमा यस बुद्धकालिन ग्रन्थ "थेरीगाथा" को अध्ययनले महिलाहरूको निम्ति ठूलो उर्जाको काम गर्दछ ।

---

८ गा.नं. ११, थेरीगाथा ।

९ खुद्दकनिकाये परमत्थदीपनी, थेरीगाथा-अट्ठकथा, (इगतपुरी : विपश्यना विशोधन विन्यास, इं, सं. १९९८ ।



Downloaded from http://www.dhamma.digital

बुद्धकालिन भिक्षुणीहरूको आत्मकथाको अध्ययनबाट महिला सशक्तिकरणका लागि प्रेरणाका श्रोत हुनेछ भन्ने मलाई लागेको छ। जुनसुकै परिस्थितिसंग पनि लड्न सक्ने मात्र होइन, अझ त्यसमाथि विजय हासिल गर्न सक्ने आत्मविश्वास जगाउन यसबात टेवा मिल्नेछ। पटाचारा, भद्राकुण्डलकेशा, कृषागौतमी, उब्बिरी, सुमंगलमाता, मुक्ता तथा चन्दा जस्तो निराशामय जीवनमा परेकाहरूले समेत नयाँ आध्यात्मिक एवं उच्चतहको जीवनमा आफुलाई प्रतिस्थापित गर्न सकेकी थिइन् । विमला, अढकासी, जस्ता गणिकाले अर्हत्त्व प्राप्तगरी एक आदर्श जीवनमा आफूलाई रूपान्तरण गर्न सकेकी थिइन् । बुद्ध स्वर्यले यी नारीहरूलाई अत्यन्त प्रशंसागरी पुरूष सामानार्थ अग्रपंक्तिमा राखेको थियो । अझ भिक्षुणी खेमा तथा उत्पलवर्णालाई त झन बुद्ध वचनको मापदण्ड हो भनि अनुमोदन समेत गरेको थियो[१०]। यी भिक्षुणीहरूलाई बुद्धले "शाक्यधीता" अर्थात् बुद्धपुत्री भन्ने गर्दथे । बुद्धको वचन अनुसार आचरणगरी निर्वाण प्राप्त गरेपछि उत्तमा (२) ले आफूलाई "ओरसा धीता बुद्धस्स"[११] अर्थात् बुद्धको हृदयवाट उत्पन्न छोरी हुँ भनि उद्‌गार ब्यक्त गरिन् भने सुन्दरीले त झन "ओरसा मुखतो जाता"[१२] अर्थात् तपाइँकै मुखबाट निस्केकी छोरी हुँ भनि बुद्ध समक्ष सिंहनाद समेत गरिन् । यसरी यो ग्रन्थ महिला सशक्तिकरणको लागि एउटा आधारशिला बन्दछ ।

❖

१० अमृतानन्द, भिक्षु, "बुद्धकालिन श्राविका चरीत भाग-१", आनन्दकुटी विहारगुठी, इ.सं. १९९४ ।
११ गा.नं. ३३७, "थेरीगाथा" ।
१२ गा.नं. ३३७ "थेरीगाथा" ।


**सन्दर्भ ग्रन्थसूची –**

१) सुत्तपिटके खुद्दकनिकायो, "थेरीगाथापालि" (इगतपुरी, विपश्यना विशोधन विन्यास, इ.सं. १९९८)
२) खुद्दकनिकाये परमत्थदीपनी, "थेरीगाथा-अट्ठकथा" (इगतपुरी, विपश्यना विशोधन विन्यास, इ.सं. १९९८)
३) भिक्षु अमृतानन्द, "बुद्धकालिन श्राविका चरीत-१", (काठमाडौं : आनन्दकुटी विहारगुठी, इ.सं १९७४)
४) अनागारिका, चन्द्रशीला (अनुं, "थेरीगाथा (ललितपुर : न्हुच्छे माया उपासिका. इ.सं. १९९७)
५) भिक्षु, विपस्सी (अनु), "थेरीअपदान" (नगरमण्डप श्रीकीर्तिविहार, इ.सं. २००२)
६) भिक्षु, बोधिसेन (अनु), "थेरीगाथा" दिव्यलक्ष्मी बज्राचार्य, गौरी बज्राचार्य, सानुमैञा बज्राचार्य, ज्याथा, इ.सं. २००८)
७) उपाध्याय भरतसिंह, "पालि साहित्यका इतिहास" - इलाहवाद, हिन्दी साहित्य सम्मेलन, इ.सं. २०००)
८) डा. विमलकीर्ति, "नारीजाती की स्वतन्त्रताका प्रथम एतिहासिक दस्तावेज थेरीगाथा" (नई दिल्ली : सम्यक प्रकाशन, इ.सं. २००८)
९) आर्य, धनवन्ती, "आदर्श बौद्ध महिलाए", (नई दिल्ली : सम्यक प्रकाशन, इ.सं. २०१०)
१०) नर्मन के. आर. "द इल्डर्स भर्सेज "थेरीगाथा" (पालिदटेक्स सोसाइटी, अक्सफोर्ड. इ.सं. १९९५)
११) क्यारोलिन, रायस डेविड(अनु)"पोइम्स अफ अर्लि बुद्धिष्ट नन, "थेरीगाथा" (लन्डन, विज्डम पब्लस, इ.सं. १९८९)
१२) मुरकट, सुजाना, "फष्टबुद्धिष्ट वुमन, ट्रान्सलेशन एण्ड कम्मेन्ट्री अन "थेरीगाथा" (न्यूयोर्क : पारालक्स प्रेस, इ.सं. १९९१)
१३) ब्लाकस्टोन, क्याथरिन आर, "वुमेन इन द फुटस्टेप अफ दि बुद्ध, स्ट्रगल फर लिवरेशन इन दि "थेरीगाथा" (न्यूदिल्ली, मोतिलाल बनारसीदास पब्लिकेशन, इ.सं. २०००)


# पन्छाई मनको बिकार

✍ **मुकुन्द शाक्य,** बाग्लुङ

पन्छाई मनको बिकार चित्त सफा पारौं
पञ्चशीलको आधार लिई कर्मशील भै बाँचौं ।

जन्म दियो अर्कैले नाम दियो अर्कैले
सिकाई दियो अर्कैले राख्यो सम्वन्ध अर्कैले
भोग सँग देह छाड्छौ घाट लान्छ अर्कैले
अजम्वरी कोही छैन बुझिराखौं सबैले ।

आफ्नो भन्ने को छ र तै बाँच्छौ एक अर्कोमा
फगत पथिक यात्री हौं भाग्दैछौ नभेटिने यात्रामा ।

सृष्टिकै रूप यो फुले पछि झर्नै पर्ने
यश मिल्छ कर्ममै न चाहेर नि त्याग्नै पर्ने
बलको अभिमानमा एक दिन ढल्नै पर्ने
माटो बराबर शरीर यो माटैसरह मिल्नै पर्ने ।

दुःखै थियो जीवनचर्या चर्तुआर्य सत्यमा
उन्मुक्ति लिन सिकौं ध्यान ज्ञान शीलमा ।



Downloaded from http://www.dhamma.digital

# लोभं प्रगति मखु पतन याई

✍ सुनिता मानन्धर

मनूया नुगलय् लोभ चित्तं थाय् कयाच्वनी। लोभं मुक्त जूपिं मनूत थन माले हे थाकुइ। थःके छुं कथंया लोभ मदु धाइर्पिके तक नं लोभ चित्त सुलाच्वंगु दइ। छेँबुँ, थःथिति सकलें त्वःताः प्रव्रजित जूवंपिं नं लोभचित्तं छत्थुं मुक्त जुइ फइ मखु। लोभ चित्तया कारणं अनैतिक ज्याखँ याः जुइ। उलि जक मखु थ्वहे लोभचित्तया कारणं कायं मांबौपिंत दुःख बियाच्वनी। किजां दाजुया हत्या यानाच्वनी। कलातं भाःतयात अले भाःतं कलाःयात थीथी शंका आशंका यानाः द्वपं बियाच्वनी। जःलाखःलायात दायाच्वनी। तर लोभचित्तं सुयां भिं याइ मखु। लोभ अकुशल मूल खः।

तथागत बुद्धं साल्ह सुत्रय् लोभयात दुःखया कारण खः धयाबिज्याःगु दु। वसपोलं धया बिज्याःगु दु - जिं लोभयात हे अविद्या धया। गुम्ह लोभी जुइ, गुम्ह लोभं ग्रष्ट जुइ, वं प्राणीहिंसा नं याइ। खुँज्या नं याइ। परस्त्री गमन नं याइ। मखुगु खँ नं ल्हाइ, मेपिंत नं थज्याःगु प्रेरणा बी। गुगु ताःकाल तक उमिगु अहित तथा दुःखया कारण जुइ।

अथेला लोभं सुयां भिं याइ मखु धइगु खँ जातकय् नं न्ह्यथनातःगु दु। थन छुं छुं जातकया खँयात छकः नं न्ह्यथने। 'जरूदपान जातक' य् धयातः कथं बोधिसत्त्व व्यापारीया नायः जुल। छन्हु उपिं व्यापारया भ्वलय् पिहां वन। लँय उमि लः त्वने प्याःचाल। अले उमिसं अन गाः म्हुल। गाः म्हुम्हुं वंबलय् अनं आपालं नँ आदि धातुत लुयावल। उमिसं यक्व रत्न मुनेगु तातुनाः हानं गाः म्हुल। बोधिसत्वं उमित हानं गाः म्हुइ मते धकाः गन। तर उपिं माने मजू। गाः तगाः जूबलय् अनं नाग छम्ह पिहां वल। नागं गाः म्हुयाच्वंपि सकसितं न्याना बिल। थुकथं लोभया कारणं थःगु ज्यान वंके माल।

लोभया कारणं दुःख सीमाःगु खँ 'लोल जातक' य् न्ह्यथनातःगु दु। छन्हु लोभीम्ह क्वः नसा माः मवं। वं सेठया छेँय् दयेकातःगु ला व न्याया परिकार खुयाः नयेगु बिचाः यात। उकिं भुतुसुवाः पिहां वनीगु ताक स्वयाच्वन। व तीजक वयाः न्या व लाया परिकार नयेत न्ह्यःने वल। भुतूसुवालं वयात खंकल। अले जिमि सेठया न्याया परिकार खुया नइम्ह छ हे मखु ला धकाः ज्वन। वया पपू दक्वं पुया बिल। अनंलि पालु, दालचिन, जी आदि मसला निनाः म्ह छम्ह पाना बिल। थुकिं यानाः वयात अतिकं कष्ट जुल। ताःई तक दुःख भोग याये माल।

लोभ नं थीथी कथंया दु। गुम्हेसितं सम्पत्तिइ लोभ वनी। गुम्हसितं वसतय्। गुलिसितं नसाय् अले गुलिसितं छुं बस्तुइ लोभ चित्त ब्वलनी। 'रोमन जातक'य् छम्ह कुटिल जटाधारी रस लोभय् भुले जूगु खँ न्ह्यथनातःगु दु। थुकिं यानाः उम्ह तपस्वी थःगु कुटी तकं त्वःता वनेमाल। 'सेरिववाणिज जातक' य् नं बन्जाःया नुगलय् लोभ चित्त ब्वलंगु खँ उलातःगु दु। लोभचित्तं ब्वलंगु कारणं व थःगु ल्हातय् लाःगु लुँया भु तकं मदयेकाः च्वनेमाल।

गृहस्थी जक मखु प्रव्रजित जुइधुंकूसां नं लोभ चित्तयात क्वत्यले मफयेफु। बुद्धकालय् नं ६ वर्गीय भिक्षुपिं इलय् ब्यलय् लोभचित्तय् तक्यंगु दु। थुकिं यानाः तथागत बुद्धं विनय नं प्रतिपादन यानाबिज्यात। याउँक जीवन हनेगु आशाया कारणं लोभंचित्त ब्वलनीगु खः। थुकिं याना छेँ बुँ मुनी नापनापं लुँ व वह, तिसा वसः मुनी। तर बुद्ध शासनय् छुं चीज बस्तु मुने मदु। थन लुँ वहया वस्तु ग्रहण यायेगु वा याके मजिउगु नियम दु। गन ग्रहण याये दइ मखु अन त्याग चित्त ब्वलंके फइ।

तःमि जुइगु इच्छा सकसिकें दइ। थ्वहे तःमि जुइगु इच्छां यानाः लोभं थाय् काइ। याकनं तःमि जुइत अनैतिक ज्याखँ याः जुइ। भीगु न्ह्यःने नं थुकथंया मनूत म्हो मजू। पलाः पतिकं धन मुनेगु ज्याखँ याई। लोभ तृष्णाय् तक्यनाः जीवन फुकाच्वनी। आपाः श्रीसम्पत्ति मुनाः तःमि जू थें तायेकी तर थुकथंया ज्याखं अपाय नरक भोग याये माली धइगु खँ बुद्धकालया खं नं क्यं। थुकथंया खँ आपालं बौद्धग्रन्थय् न्ह्यथनातःगु दु। थुकी मध्ये बुद्धकालया छगू घटना थन न्ह्यथने। बुद्धकालय् छगू व्यापारी परिवार दु। उपिं मति मभिंपिं जुयाच्वन। थुपिं मध्ये बौम्ह व्यापारी बांलाःगु वा हइगु जुयाच्वन।। छेँय् हयाः उमिसं उकी फुसलुगु वा, म्व व सिउचा ल्वाकछ्यू याइगु जुयाच्वन। उलि जक मखु मिले मजूगु मानापाथी नं छ्यलीगु जुयाच्वन। नापं मिले मजूगु धः नं छ्यलीगु खनिं। गाहाकितय्त नं ख्वंगु ध्यबा बीगु जुयाच्वन। थुगु वहे कारणं न्हापा ला व तःमि जुल। धन सम्पत्ति नं यक्व मुन, तर मृत्यु लिपा वं अपाय नरक भोग याये माल। सी धुंकाः व प्रेत योनीइ जन्म जूवन। अन वं ह्वानाह्वाना



Downloaded from http://www.dhamma.digital

च्यानाच्वंगु स्व म्हुतुइ तयेगु व उकियात ल्हातं कयाः म्ह छम्हं ह्वलेगु यायेमाल । थुकथं लोभं न्हापा फाइदा हे जूसां उकी विनासया लँपुइ पलाः तयेकेफु ।

थःके दुगु छुं चीजवस्तु सुयातं बी माल कि लो भचित्तं थाय् कायेे धुंकी थुगु इलय् असत्य वचन ल्हाइ । लोभचित्तया कारणं असत्य खँ ल्हानाः प्रेतयोनीइ जन्म काः वने माःगु खँ नं बौद्ध ग्रन्थय् न्ह्यथनातःगु दु । लोभचित्तया कारणं माः थाय् धन खर्च याये तकं नुगः स्याइ । ज्यान स्वयाः धन सम्पत्ति हे तः धं थे च्वनी । न्ह्याथें जाःगु आपत् विपतय् नं धन जक मुनेत स्वइ । थःगु धन सम्पत्ति फुइ धकाः भय कयाच्वनी । थुकथंया भय बुद्धकालय् मट्ठकुण्डलीया बौम्हं नं काःगु खः । मट्ठकुण्डलीया बौ बुद्धकालया छम्ह महाजन खः । थः साहु जूसां व अतिकं लोभी । उकिं थः याकः काययात ल्वचं कलं नं वं वासः मयाकू । वासः याये मखनाः कायम्ह सिना वन । वया लोभया कारणं मट्ठकुण्डली नच्चागु इलय् थःगु जीवन फुके माल । थुकिं यानाः लिपा व पस्ताय् चाये माल ।

लोभचित्तं सुयां भिं याइ मखु । थुकिं सुयातं लाभ नं याइ मखु । थुकिं भय व सन्ताप जक ब्वलंकी जीवनकाः छि जक मखु सिना वने धुंकाः नं थुकिया विपाक भोग याये माली । ❖

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बुद्धका स्थायी नीजि सेवक बन्नु अघि आनन्दले तलका आठ शर्तहरू राखेको थिए –

१) बुद्धलाई प्राप्त भएको चीवर आनन्दलाई नदिने
२) बुद्धलाई प्राप्त भएको भिक्षा आनन्दलाई नदिने
३) बुद्ध बसेको गन्धकुटीमा आनन्दलाई नसुताउने
४) बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरेको ठाउँमा आनन्दलाई नबोलाउने
५) आनन्दले स्वीकार गरेको ठाउँमा बुद्ध निमन्त्रणामा जानु पर्ने
६) आनन्दले दर्शनार्थीलाई कुनै पनि समयमा बुद्धकहाँ ल्याउन सकिने
७) आनन्दलाई शंका लागेको कुरो बुद्धसँग सोध्न सकिने
८) आनन्द नभएको ठाउँमा उपदेश दिएको भए बुद्धले आनन्दलाई फेरि सुनाउनु पर्ने ।

*(साभार- बौद्ध दर्पण)*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) धनमैंया नकर्मी, नारायण लाल नकर्मी, पूर्णलक्ष्मी नकर्मी, त्रिपुरेश्वरबाट USA मा बस्ने जेनिश नकर्मी, तथा Australia मा बस्ने जोनिश नकर्मीको मंगल कामना गर्दै जलपान, भोजन तथा रू. ७०००/- प्रदान ।
२) भिक्षु कोण्डण्य, बुद्ध विहार भृकुटी मण्डपबाट दि. राज शाक्यको पुण्यस्मृतिमा भोजनको लागि रू. २०००/-
३) सुबर्ण कुमार, सुशिल कुमार, शीलशोभा कंशाकार, श्रीघःबाट दि. चिनिशोभा कंशाकार को पुण्यस्मृतिमा रू. २०००/-
४) पूर्ण हिरा तुलाधर, कमलादीबाट स्व. कुलमान बनिया, लक्ष्मी हीरा बनिया पुण्यस्मृतिमा रू. २०००/-
५) ज्ञान दर्शन, गृहस्था रंजित, काठमाडौं रू. २०००/-
६) अनागारिका वीर्यपारमिता, भोजन प्रदान तथा ग्यास १ थानको लागि रू. १५००/-
७) युवा बौद्ध समूह, काठमाडौंबाट भोजन प्रदान तथा रू. १५००/-
८) रञ्जना श्रेष्ठ, रू. १५००/-
९) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रू. १०००/-
१०) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रू. ५००/-
११) अखिल शोभा मानन्धर, चसांद रू. ५००/-
१२) राकेश शाक्य, बनेपा रू. ५००/-
१३) बुध्द भक्त रंजित, बनेपा रू. ५००/-
१४) प्रेमज्योती शाक्य, बनेपा रू. ५००/-
१५) शिशिल तुलाधर, घट्टेकुल रू. २०००/-
१६) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
१७) काभ्रे जेसिज, काभ्रे महिला जेसिज, बनेपा जुनियर जेसिज बाट फूल तथा खाद्यान्न वितरण ।
१८) भीगु भिन्तुना वचत तथा ऋण सहकारी संस्था, बनेपा-६ बाट फलफूल वितरण ।
१९) प्रज्ञा पासा पुचः काठमाडौंबाट जलपान तथा भोजन प्रदान ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

**विशुद्दिमार्ग क्रमश- ३**

### धुताङ्ग

*२०७३ आषाढ २५ गते, शनिवार*

*प्रवक्ता- त्रिरत्न मानन्धर*

*प्रस्तुती- राजभाई तुलाधर*

घुताङ्ग भनेको काय, वचन, र मनलाई परिशुद्ध गर्ने अंग हो । यो भिक्षुहरूको लागि भगवान बुद्धद्वारा बनाउनु भएको प्रातिमोक्ष शील वाहेक अरू थप नियमहरू हुन् । यी नियमहरू भिक्षुद्वारा पालना गर्नु नै पर्छ भन्ने छैन तर पालना गरेको खण्डमा छिटो निर्वाण प्राप्त गर्न सहायक हुन्छ । घुताङ्गको मूल उद्देश्य अल्पेक्षी हुने, आफुसंग भएकोमा सन्तोषी हुने, आशक्ति हटाउने हो । तेऱ्ह प्रकारका घुताङ्गहरू वर्णन गरिएका छन् । ती हुनः

| | |
|---|---|
| १) पांशुकुलिकांग | २) त्रैचीवरिकांग |
| ३) पिण्डपातिकांग | ४) सापदानचारिकांग |
| ५) एकासनिकांग | ६) पात्रपिण्डिकांग |
| ७) खलुपच्छाभत्तिकांग | ८) आरण्यकांग |
| ९) बृक्षमुलिकांग | १०) श्मशानिकांग |
| १२) यथासंस्थारिकांग | १३) नैसद्यिकांग |

माथि उल्लेखित धुताङ्गहरूमध्ये पहिलो र दोस्रो दुइटा चीवरसंग सम्वन्धित छन् । अरूले फ्याँकेको कपडाबाट वनेको चीवर मात्रै लगाउने र आफुसंग तीनवटा चीवर (संघाटि, अन्तरवास र उत्तरासंग) भन्दा बढी राख्न नपाउने नियमहरू हुन् यी ।

तेस्रो देखि सातौंसम्मको पाँचवटा भोजनसंग संबन्धित छन् । भिक्षाटन मात्रै जाने, निमन्त्रणामा नजाने। भिक्षाटन जांदा घरहरूको छनौट नगर्ने, दातालाई नहेर्ने । एउटै आसनमा मात्रै वसेर खाने प्राप्त भएको भोजन सवै मिसाएर पात्रमा मात्रै खाने । एक दिनमा एक पटक मात्रै खाने ।

आठौं देखि बाऱ्हौं सम्मको पाँचवटा बस्ने स्थानसंग सवन्धित छन् । जंगलमा मात्रै बस्ने, गृहस्थसंग संगत नराख्ने । रूखमुनि मात्रै बस्ने । जंगलमा बसेर अझ रूखमुनि पनि नबसी खुला ठाउँमा मात्रै बस्ने । मसानमा मात्रै बस्ने । एउटै पूर्व निर्धारित ठाउँमा मात्रै बस्ने ।

तेऱ्हौं इरियापथसंग संबन्धित छ । घुतांङ्गधारीले कहिल्यै लेटेर अथवा पल्टेर नबस्ने ।

घुतांग भिक्षुहरूको लागि अनिवार्य नियम होइन । यदि कसैले सक्छ भने पालना गरेको खण्डमा निर्वाण मार्गमा छिटो अगाडि वढ्न यो प्रभावकारी हुन सक्छ । तर समाधि र प्रज्ञा विना घुतांङ्ग धारण गर्नु मात्रैले मुक्तिको मार्ग प्राप्त हुंदैन ।

कोही कोही आलोचकहरू घुतांङ्गलाई अट्ठकिल-मट्ठानुयोगो तिर उन्मुख भएको भन्नेहरू पनि छन् । तर यो आलोचना सही छैन किनभने यसमा देहलाई असाध्यै कष्ट दिने जस्तो कुनै कुरा छैन । धुताङ्ग धारणा गर्नुको उद्देश्य भौतिक वस्तु र सुबिधाहरूको न्युनतम उपयोग गरेर तिनीहरूप्रति आशक्ति उत्पन्न हुन नदिनु हो ।

खाने, लाउने, निवास आदि भौतिक सुख सुविधामा गृहस्थ उपासकहरू पनि संयमी हुनु पर्छ किनभने उनीहरूको पनि अन्तिम लक्ष भनेको निर्वाण प्राप्त गर्नु नै हो ।

### गौतम बुद्ध (शाक्यमुनि बुद्ध)

*२०७३ बैशाख २५ गते, शनिवार*

*प्रवक्ता- उर्मिला ताम्राकार*

*प्रस्तुती- राजभाई तुलाधर*

भगवान गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको भन्ने कुरा आज मानि सकेका छन् । यहाँ विचारणीय कुरा के छ भने सिद्धार्थ गौतम अरू सबै जस्तै साधारण मनुष्य मात्रै थियो त ?" यो सत्य होइन । अनेकौं कल्प सम्म सम्यक सम्बुद्ध हुनको लागि चाहिने सबै पारमिता धर्महरू पुरा गरिसकेपछि अब बुद्ध हुनको लागि गर्भमा प्रवेश गर्नु भएको थियो । पाली साहित्यमा उल्लेख भएअनुसार उहाँले जन्मने वित्तिकै दश दिशामा अवलोकन गरेर निम्न वाक्यहरू प्रस्तुत गर्नु भएको थियो–

**"अग्गो हमस्मिं लोकस्स, जेट्ठो हमस्मिं लोकस्स,**
**सेट्ठो हमस्मिं लोकस्स ।"**

अर्थात् म नै सबै लोकहरूमा अग्र छु, म नै जेष्ठ छु, म नै श्रेष्ठ छु। यसरी वहांले जन्मने वित्तिकै नै ब्रम्हाण्ड



Downloaded from http://www.dhamma.digital

नै गुन्जायमान हुने गरी वोल्नु भएको थियो। यस्तो क्षमता बुद्ध हुने व्यक्ति बाहेक अरू कसैसंग हुन सक्तैन। वहाँले त्यही वेला नै भन्नु भएको थियो, "यो मेरो अन्तिम जन्म हो, अब फेरि अर्को जन्म हुन् छैन।"

यी सबै कुराहरूलाई मनन गर्दा "Buddha was born in Nepal" भन्नुमा कुनै असत्य छैन बुद्ध जन्म हुंदा नै अति दुर्लभ विशिष्ट गुणहरू सहित जन्मनु भएको थियो।

विद्वत वर्गहरूको परिषदमा भगवान बुद्धले बोलेको कुरालाई कसैले खण्डन गर्न सक्तैनथ्यो। भगवानको वाणी सिंहनाद जस्तै अकाट्य हुन्थ्यो। यस्तो हुनुको कारण वहाँमा निहित विलक्षण गुणहरू नै थिए।

भगवान् बुद्धमा अरहं सम्मासम्बुद्धो आदि नौ वटा गुणहरू विद्यमान छन्। वहाँ दिव्यचक्खु, दिव्यस्रोत, इद्धिविद्ध, चेतोपरियज्ञान, पुब्बेनिवासानुसतिज्ञान आदिले सम्पन्न हुनुहुन्छ। वहाँसंग दशबल (स्थान अस्थानको ठीक ज्ञान हुने,कर्म र कर्मफललाई राम्ररी जान्ने आदि) पनि छ। बुद्ध चतुर्वैशारद्यबाट पूर्ण हुनुहुन्छ अर्थात् बुद्धको ज्ञान, आश्रवक्षय, अन्तराय (अकालमा नमर्ने) र उपदेशमा कुनै पनि किसिमको केही पनि शंका गर्ने ठाउँ छैन।

बुद्धको उपदेशलाई सवैले ग्रहण गरे पनि नगरे पनि नेपालीहरू सवै बुद्ध जन्मेको देशमा जन्मनु पाएको मा आफूलाई गौरवान्वित ठान्दछन्।

## अंगुत्तर निकायको व्याख्या

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुति- उर्मिला तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित कक्षामा मदन रत्न मानन्धरज्यूले अंगुत्तर निकाय् अन्तर्गत तृतिय पण्णासक का आशिका वर्गको व्याख्या गर्नुभयो।

सूत्र नं १३३

**चित्त गृहपति र हस्तक आलवक**

दुबैजना श्रद्धावान् उपासकहरू हुनुहुन्थ्यो। वहाँहरू बाट हामीले धेरै उदाहरण लिन सक्छौं।

(१) चित्तगृहपति अनागामी सम्म भइसक्नु भएको व्यक्ति वहाँ भिक्षुहरूलाई समेत धर्मको विषयमा प्रवचन दिन सक्ने अग्रज भनी भगवान् बुद्धले वहाँलाई पदवी दिइराख्नु भएको हो।

(२) हत्थक (हस्तक) आलवक

चारवटा संग्रह गर्न लायक वस्तुद्वारा परिषदलाई संग्रह गर्न सक्ने अग्रज संग्रहणीय बस्तुहरू –

(१) दान – त्याग गर्ने (२) प्रिय वचन

(३) परोपकार (४) समानताको ब्यवहार

दान – दान दुई किसीमका छन्

**क) आमिस दान ख) धर्म दान**

आमिस दान २ किसीमका छन् –

१) बस्तु दान र २) अभय् दान

१. बस्तु दान भनेको सामान, पैसा दान गर्ने।

२. अभय् दान भनेको कसैलाई डर, त्रास, नदिने।

ख) धर्म दान भनेको उपदेश गर्न दिन लगाउने, धर्मको पुस्तक छापेर वितरण गर्ने लाई धर्म दान भनिन्छ।

(२) प्रिय वचन –

प्रिय वचन भनेको सुन्ने बित्तिक्कै मनमा आनन्द आउने वचन।

(३) परोपकार –

कसैलाई आपदबिपद परेको बेलामा मद्दत गर्ने, सहयोग गर्ने, उपकार गर्ने।

(४) समानताको ब्यवहार –

धनी अथवा गरीब, सबैलाई समान ब्यवहार गर्नु पर्दछ।

लोक संग्रह बस्तु – यो चारवटा हामीले गर्न जान्नु पर्दछ। यो लोक संग्रह बस्तु भएर नै यो संसार रहिरहेको हो भनी भगवान बुद्धले भन्नु भएको हो।

## Path of Purification बिशुद्धि मार्ग

*२०७५ जेठ १५ गते, शनिवार*

*विषय- बिशुद्धि मार्ग*

*प्रबचक- भाजु त्रिरत्न मानन्धर*

*रिपोर्टर- उर्मिला तुलाधर*

बिशुद्धि मार्ग धइगु बौद्ध साहित्यया छगू अमूल्यगु ग्रन्थ खः। थ्व पुस्तक च्वया बिज्याम्ह छम्ह भन्ते वसपोलया नां भन्दन्त बुद्धघोषाचार्य, वसपोल बुद्धगयाया छगू गामय् ब्राह्मण कूलय् जन्मजूगु खः। ऋग्बेद, सामवेद, यजुर्बेद।

बुद्धघोषाचार्य, वसपोल स्वंगू बेद पारंगत जूम्ह धका अभिमान यानाः गुरूयात अपशब्द प्रयोग याःगुया कारणं सजाँय स्वरूप श्रीलंकाय् वनाः बुद्धयागु ग्रन्थ अध्ययन यानाः भारतय् हयगु जिम्मा ब्यूगु जुया च्वन।

सिंहली भाषायात पाली भाषां अनुवाद यायबलय्



Downloaded from http://www.dhamma.digital

अर्थया अनर्थ जुइगु जूगुलिं श्रीलंकन भन्ते पिसं संयुक्त निकाय्यागु निपु गाथा न्यंकूगु जुया च्वन ।

"अन्तो जटा वहिजटा जटाय् जतिया पजा
तं तं गोतम पुच्छमि को इमं बिजटय् जटं"
"दुने नं पिने नं जटाथें स्वया च्वन"
"शिले पटिट्ठाय नरो सपञ्ञो
चित्त पञ्ञच्च भावय्
आतापि निपको भिक्खु सो
इमं बिजटय् जरं"

चित्त प्रज्ञा सहित जुइमाः प्रज्ञा पूर्ण रूपं सीकेमाः भावना यानाः सीकेमां शील प्रति श्रद्धावान जुयाः भावना यानाः च्वंपिन्सं थ्व जटायात फयेने धकाः बुद्धघोष भन्ते नं ग्रन्थया रूपय् च्वया बिज्यागु यात हे बिशुद्धि मार्ग धाई ।

बुद्धघोषाचार्य भन्ते नं तसकं बांलाक अर्थ सहीत निपु गाथाया ग्रन्थ च्वया बिज्यागु श्रीलंकन भन्तेपिं तसकं प्रभावित जुयाः सिंहली भाषां च्वयातःगु बुद्ध बचनयात पाली भाषां अनुवाद यानाः भारतय् यंकेत अनुमति बिया बिज्यात ।

भगवान बुद्धं अर्थ सहित कना बिज्यागु गाथायात बाँख थें दयकाः च्वया बिज्याःगु अट्ठकथा खः ।

छगू समय भारतयवर्षय् मुस्लीम शासक तय्सं यानाः बुद्ध ग्रन्थयागु अभाव जूगुलिं बुद्धघोष भन्ते श्रीलंका बिज्यानाः सिंहली ग्रन्थयात पाली ग्रन्थय् अनुवाद यानाः भारत वर्षय् हया बिज्यागु खः धकाः अध्ययन गोष्ठीया नियमित कक्षाय् श्री त्रिरत्न मानन्धरं ब्याख्या याना दिल ।

## भिक्षुणी धम्मवतीको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ सम्पन्न

*२०७३ असार ३० - श्रावण ६*

*स्थान- धर्मकीर्ति विहार*

भिक्षुणी धम्मवतीको ८३ औं जन्मोत्सबको उपलक्ष्यमा २०७३ असार ३० देखि श्रावण ६ गते सम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गरियो ।

**१) साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना–**

भिक्षु महासंघको तर्फबाट असार ३० गते देखि श्रावण ५ गते सम्म विहान ७ बजे देखि ९ बजे सम्म अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गरिएको थियो । यसको विवरण यसरी रहेको छ–


**साप्ताहिक अभिधर्मपाठ, धर्मदेशना, जलपान र भोजनदाताहरूको विवरण**

| क्र. सं. | मिति | पाठ | धर्मदेशना गर्नुहुने भन्ते | जलपान दाता | भोजन दाता |
|---|---|---|---|---|---|
| १ | २०७३ असार ३० | धम्मसङ्गिणी | भिक्षु बोधिसेन | १) भिक्षुणी धम्मवती<br>२) सुचिता, सुजाता | अष्टमाया पुचः । |
| २ | २०७३ असार ३१ | विभंग | सयादो उ सुजनपिय | १) सुमना महर्जन कालधारा<br>२) सुमना महर्जन कालधारा | धर्मकीर्ति तता पुचः । |
| ३. | २०७३ श्रावण १ | कथावत्थु | भिक्षु निग्रोध | १) लक्ष्मी देबी पुचः<br>२) कर्णदेबी पुचः | राजेश, शोभा श्रेष्ठ सीता पाइला । |
| ४ | २०७३ श्रावण २ | पुग्गल पञ्ञति | भिक्षु कोण्डञ्ञ | १) चम्पा पुचः<br>२) चम्पा पुचः | पुलां पुचः । |
| ५ | २०७३ श्रावण ३ | धातुकथा | भिक्षु पञ्ञासार | १) अनोजा गुरूमां, कुसुम गुरूमां,<br>२) कीर्ति मैया पुचः | धर्मकीर्ति क्यँहँ पुचः । |
| ६ | २०७३ श्रावण ४ | यमक | भिक्षु निग्रोध | १) धम्मविजया गुरूमां<br>२) धम्मविजया गुरूमां | पूर्णहेरा पुचः । |



Downloaded from http://www.dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | २०७३ श्रावण ५ | पट्ठान | भिक्षु शरणंकर | १) कमला गुरूमां<br>२) कमला गुरूमां | गगन, ललीता कंसाकार कालिमाटी । |
| ८ | २०७३ श्रावण ६ | महायान + वज्रयान पाठ | डा. नरेश वज्राचार्य | १) अनीता शाक्य चःमति<br>२) मोहन देवी पुचः ठमेल | वीर्यवती गुरूमां दुतिया पुचः |



*धम्मवती गुरुमां प्रवचन गर्नुहुँदै*

(२) **महायानी गुरु वज्रयानी गुरूजुहरूको तर्फबाट पाठ–**



*महायानी गुरुहरूबाट शान्तिपाठ हुँदै*

*२०७३ श्रावण ६ गते ।*

महायानी गुरूहरूले धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभई शान्ति पाठ गर्नुभएको थियो ।

यसरी नै वज्रयानी गुरूजुहरूले पनि धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गरी मंगल पाठ गर्नुभएको थियो । यस कार्यक्रममा डा. नरेश वज्राचार्यले धर्मदेशना गर्नुभएको थियो ।

(३) **दान प्रदान कार्यक्रम–**

यस साप्ताहिक कार्यक्रममा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभई पाठ गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरू लगायत महायानी गुरुहरू र वज्रयानी गुरुजुहरूलाई धम्मवती गुरुमांले विशेष दान प्रदान गर्नुभएको थियो । यसको साथै धर्मकीर्ति विहारमा अन्य गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नु भएका थिए । यसरी नै महायानी गुरूले पनि धर्मकीर्ति विहारमा सम्पूर्ण गुरूमांहरूलाई खाडा प्रदान गरी दान प्रदान गर्नु भएको थियो ।

(४) **बुद्धपूजा–**

यस ८ दिने कार्यक्रम अवधि भर प्रत्येक दिन विहान बुद्धपूजा कार्यक्रम, पनि सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा बुद्धपूजा गर्नुहुने गुरूमांहरूको नाम क्रमशः यसरी रहेकाछन्–

शुभवती, अमता, वण्णवती, सुवण्णवती र क्षान्तीवती आदि ।

(५) **ज्ञानमाला भजन प्रस्तुत–**

यस साप्ताहिक कार्यक्रम अवधिभर धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरी पुण्य सञ्चय गरेका थिए ।

(६) **तत्कालिन प्रधानमन्त्री एवं संस्कृति मन्त्रीलाई सम्मानपत्र प्रदान–**


*२०७३ असार ३० गते*




*धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिं तुलाधरले तत्कालिन संस्कृति मन्त्रीलाई सम्मानपत्र प्रदान गर्नुहुँदै*



Downloaded from http://www.dhamma.digital



*भिक्षु संघबाट अभिधर्मपाठ हुँदै*

धर्मकीर्ति संरक्षण कोषले तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओली र संस्कृति मन्त्री आनन्द प्रसाद पोखरेललाई सम्मान पत्र प्रदान गर्ने कार्यक्रम आयोजना गरिएको थियो। प्रधानमन्त्री ओलीको अध्यक्षतामा गठित २५६० औं बुद्ध जयन्ती र बौद्ध सम्मेलन सफलतापूर्वक सम्पन्न भएको उपलक्ष्यमा आयोजित यस सम्मान कार्यक्रममा प्रधानमन्त्री ओलीलाई भिक्षुणी धम्मवती, गुरूमांले र सँस्कृति मन्त्री पोखरेललाई द्रब्यमान सिं (धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष) ले सम्मानपत्र प्रदान गर्नुभएको थियो। उक्त कार्यक्रममा प्रधानमन्त्री ओलीले



*धर्मकीर्ति ज्ञानमाला भजनले भजन प्रस्तुत गर्दै*



Downloaded from http://www.dhamma.digital



*डा. नरेश वज्राचार्य प्रवचन गर्नुहुँदै*

भगवान् बुद्धको शिक्षाले देशमा अत्यावश्यक भइरहेको शान्ति प्रदान गर्न सहयोग पुऱ्याउने विषयमा मन्तब्य व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा प्रधानमन्त्री के.पी. शर्मा ओली र उहाँकी श्रीमती राधिका शाक्यले धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गर्नुभई दान प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो । यसरी नै सँस्कृति मन्त्री आनन्द प्रसाद पोखरेलले पनि गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामनाका साथ दानप्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

कोषका अर्का उपाध्यक्ष भिक्षुणी धम्मदिन्नाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सचिव प्रफुल्ल कमल ताम्राकारले धन्यवाद व्यक्त गर्नुभएको थियो । पूर्व सचिव कीर्ति तुलाधरले उक्त कार्यक्रम संचालन गर्नुभएको थियो ।

## भिक्षुणी धम्मवती गुरूमांको ८३ औं जन्मोत्सवको पुनित उपलक्ष्यमा धर्मकीर्ति विहारमा निःशुल्क योग ध्यानको शिविर

धर्मकीर्ति विहारका अध्यक्ष शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित समःआदरणीय भिक्षुणी धम्मवतीको ८३ औं जन्मोत्सवको पुनित उपलक्ष्यमा भिक्षुणी धम्मदिन्ना (चमेली गुरूमाँ) को संयोजनमा दिव्यज्योती समूह नेपाल, भोटाहिटी द्वारा मितिः २०७३ असार ७ गते देखि २०७३ असार १३ गते सम्म विहान ७:०० बजे देखि ९:०० बजे सम्म संचालित सात दिने निःशुल्क वैज्ञानिक योग ध्यान र सुयोक म्याग्नेटीक एक्युप्रेशरको स्वास्थ्य शिविर सम्पन्न भएको छ। उक्त निःशुल्क स्वास्थ्य शिविरमा धर्मकीर्ति विहारका ७ जना भिक्षुणी गुरूमांहरू लगायत ५६ जना उपासक उपासिकाहरूको सहभागिता रहेको थियो। निः शुल्क स्वास्थ्य शिविरमा ध्यान साधनाको माध्यमबाट शारीरिक एवं मानसिक समस्याबाट ग्रसित व्यक्तिहरूका लागि अति उपयोगी तामारा सकारात्मक शक्तिको उपचार विधि निःशुल्क सिकाईएको थियो ।

## पट्ठान पाठ सम्पन्न

*२०७३ श्रावण २७ – २९ सम्म*

*किण्डोल, निर्वाणमूर्ति विहार, स्वयम्भू*

भिक्षुणी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुका साथै देश र देशका सम्पूर्ण प्राणीको सुख शान्ति कामना गर्दै किण्डोल निर्वाण मूर्ति विहार परिवारले ३ दिनको लागि पट्ठान पाठ गराइएको थियो ।

भिक्षुणी गुरूमां समूहले पाठ गरेको उक्त कार्यक्रममा हरेक दिन भिक्षुणी गुरूमांहरूको तर्फबाट धर्मदेशना पनि गरिएको थियो। उक्त कार्यक्रममा प्रव्रजित जीवन ५० वर्ष नाघिसकेका गुरुमांहरूलाई थेरी पूजा पनि गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## गुरुपूजा सम्पन्न

*२०७३ श्रावण ४ गते, मंगलबार ।*

यसदिन धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवारले धर्मकीर्ति विहारका अध्यक्ष भिक्षुणी धम्मवती गुरूमां सहित उक्त विहारका गुरूमांहरूलाई गुरू पूजा गरी दान प्रदान गरिएको छ । गुरूपूर्णिमाको उपलक्ष्यमा वर्षै पिच्छे सञ्चालन गर्दै आइरहेको यस कार्यक्रममा अध्ययन गोष्ठी परिवारले गुरूपूजा गरी गुरूप्रति गर्नुपर्ने कर्त्तव्य निभाउँदै पुण्य संचय गरिरहेको यस कार्य स्मरणीय छ। किनभने भगवान् बुद्धले भन्नुभएको छ– मानिसले आफ्नो लागि गुण गर्ने व्यक्तिहरूको कृत्तज्ञ गुण सम्झन सक्नु अमूल्य कर्त्तव्य हो । जहाँ कर्त्तव्य पालन हुन्छ, त्यहाँ धर्म पालन हुन्छ, धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्दछ। यस संसारमा हामीलाई गुण गरेका व्यक्तिहरू ५ जना यसरी रहेका छन–

(१) बुद्ध (२) धर्म (३) संघ (४) माता–पिता (५) गुरू ।

गुरू पूर्णिमाकै दिन भगवान् बुद्धले प्रथम पटक धर्म चक्र घुमाउनु भएको दिन भएको कारणले यस कार्यक्रममा बुद्धपूजा पछि धर्मचक्र प्रर्वतन सूत्र पनि पाठ गरिएको थियो ।

कार्यक्रम सुमीत्रा तुलाधरले संचालन गर्नुभएको थियो । भने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत भाषण गर्नुभएको थियो ।

## प्राध्यापक माणिकलाल श्रेष्ठबाट प्रवचन

*२०७३ श्रावण ८ गते शनिवार*

*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषबाट आयोजित एक कार्यक्रममा प्राध्यापक श्री माणिकलाल श्रेष्ठले “नेपाल र बुद्ध धर्म” विषयक प्रवचन गर्नुभएको थियो ।

## Buddhism For Youth

२०७३ श्रावण ४ शनिवारको दिन बुद्ध विहारको धम्महलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा Buddhism for youth कार्यक्रम संचालन गरिएको थियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको चार उद्देश्यहरू मध्ये एक उद्देश्य युवावर्गलाई बुद्धधर्मको व्यवहारिक शिक्षा दिने हो । सोही उद्देश्य परिपूर्तिको लागि यस गोष्ठीको Buddhism for youth दोश्रो कार्यक्रम हो । यस कार्यक्रममा धर्म प्रवचक भिक्षु कोण्डन्य हुनुभयो भने २८ जना युवाहरू सहभागि भएको थियो । कार्यक्रममा भिक्षु कोण्डन्यले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

प्रवचनमा भिक्षु कोण्डन्यले भन्नुभयो बुद्धधर्म एक थाना थान कुसल ज्ञान अर्थात् पुरानो संस्कार प्रवृति मान्नु भन्दा ठाउँ अनुसार प्रयोग गर्न सकिने ज्ञान हो । सफल जीवन जीउनको लागि मध्यम मार्ग वा आर्य अष्टांगिक मार्गलाई दैनिक जीवन व्यवहारमा अभ्यास गर्न सक्नु पर्दछ । यसको लागि मन नियन्त्रित हुनुपर्दछ । बुद्धशिक्षा आधुनिक युगमा कतिको सान्दर्भिक छ भन्ने बुझाउन उहाँले युवाहरूलाई सुहाउँदो विभिन्न उदाहरण दिंदै सार्थक प्रवचन दिनुभयो ।

कौण्डन्य भन्तेको एक घण्टाको प्रवचन पश्चात् युवावर्गको समुह मध्येबाट चार (४) जनाले आफ्नो जिज्ञासा राख्नुभयो । प्रणिधि तुलाधर, राहुल तुलाधर, सुहित मानन्धर, तरूण मानन्धर जिज्ञासा राख्नेहरूमा हुनुहुन्छ । धर्म र कर्ममा के फरक छ ? भिक्षु जीवन कतिको संघर्षशील छ ? आफ्नो अगाडि नराम्रो कार्य भइरहेछ भने हामीले कस्तो पाइला चाल्नु पर्छ ? Anarchy गर्नेलाई हामीले कसरी लिनु पर्छ आदि कुराहरू जिज्ञासाका विषय भयो । यसलाई कोण्डन्य भन्तेले युवाहरूको जिज्ञासा मेटिने ढंगले व्याख्या गर्नु भयो ।

कार्यक्रम संचालक डा. रीना तुलाधरले बुद्ध धर्म वास्तवमा जीवन जिउने कला हो, कर्म काण्ड, पूजा, पाठमा आधारित भइरहयो भने बुद्ध शिक्षाबाट हुनुपर्ने पूर्ण लाभ हुँदैन, अभ्यास हुनु पर्दछ त्यस्तै व्यवहारिक कुरा युवावर्गलाई सिकाउँदै लाने नै यस “Buddhism for youth” कार्य क्रमको उद्देश्य हो भन्नुभयो ।

**“अर्थ रहित हजार श्लोक पढ्नु भन्दा अर्थ सहित शान्ति प्राप्त हुने एउटा धर्मपद नै पढ्नु बेस छ ।”**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारलाई वंगलादेश टूरिजम वोर्डबाट निमन्त्रणा




*बंगलादेस टूरिजम बोर्डबाट आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षुणी केशावती*

बंगलादेश टूरिजम बोर्डले धर्मकीर्ति विहारलाई गरिएको निमन्त्रणालाई स्वीकार गरी यस विहारबाट भिक्षुणी केशावती र धर्मकीर्ति विहार संरक्षण कोषका सदस्य उद्योग रत्न तुलाधर वंगलादेश पुग्नु भएको थियो।

स्मरणिय छ, वंगलादेश टूरिजम बोर्डबाट आठवटा देशहरूलाई निमन्त्रणा गरेको थियो । यसरी सबै देशहरूबाट बंगलादेशमा जम्मा १४ जना विदेशीहरू कार्यक्रममा सहभागी भएका थिए ।

२०७३ असार १३ गते बंगलादेश टूरिजम बोर्डको आयोजनामा आयोजित यस कार्यक्रममा नेपालको तर्फबाट भिक्षुणी केशावतीले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बंगलदेशमा भ्रमण गरेका स्थानहरू यसरी छन्– चितगाउँमा–

ठाकेश्वर मन्दिर, स्टार मोसकाट, पारमेन्त घर, सदारघार झरना, संखर बजार, रामु बुद्धिष्ट विहार, वर्मिज बुद्ध विहार, विभिन्न गाउँहरू, सनसेट, नयाँ बजार, बोग्रा, महास्थान, पाहारपुर, राजसाही, पुरानो महास्थान गारह, म्युजियम AMD, पुरानो बुद्ध विहार, कुस्ति, कुलान मन्दिर, विष्णु मन्दिर, गीत लालोन, बंगरहात, मांगला, गोपाल गोनज, नाराइल, वंगलादेशको पिता (Father of the Nation) म्युजियम आदि ।

## एक दिवसीय ध्यान शिविरया सूचं

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नियमित अभिधर्म कक्षाया ब्वँमिपिन्त विशेष लक्ष्यित यानाः हरेक महिनाया पुन्हीपतिकं सञ्चालन जुइगु एक दिवसीय विपस्सना ध्यान शिविरय् सकल श्रद्धालुपिन्त स्वागत दु ।

यैंया सानो भऱ्यांगस्थित **रत्न विपस्सना विहारय् कम्मट्ठानाचार्य ऊ सुजनपिय सयादो व निर्मलज्ञाणी** (**वीणा**) गुरुमांया दक्ष निर्देशनय् जुइगु ध्यान शिविरय् सहभागी जुयाः दुःखं मुक्त जुइगु निर्वाणपाखे पलाः न्ह्याकेनु ।

**ध्यान समय : सुथसिया ७:०० बजेनिसें न्हिनसिया ४:०० बजेतक्क ।**

*सम्पर्क:*

**रीना तुलाधर : ९८५१००३५०४**

**उष्णीषतारा तुलाधर : ९८४१२०८१९२**

*संयोजक:*

**उष्णीषतारा तुलाधर**

*'परियत्ति सद्धम्म कोविद'*



Downloaded from http://www.dhamma.digital

## मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा र धर्मदेशना

२०७३ साल असार २८ गते अष्टमीका दिन मैत्री बोधिसत्त्व महाविहारमा कुसुम गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा उपस्थित हुनुभएको सबैलाई दाता पञ्चवीर सिं तुलाधरले जलपान प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

## २६०५ औं धर्मचक्र प्रवर्तन दिवस

*२०७३ श्रावण ४ मंगलवार*

*स्थान- नगदेश बुद्ध विहार ।*

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २६०५ औं धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको समाचार छ ।

भिक्षु वरसम्वोधिले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम भिक्षुणी केशावतीको प्रमुख अतिथित्वमा संचालन गरिएको थियो ।

प्रमुख अतिथीले दीप प्रज्वलन गरी उद्‌घाटन गरिएको उक्त कार्यक्रममा नगदेश बुद्ध विहारको भवनको तल्ला थप कार्यमा आर्थिक सहयोग गर्नु भएका वरिष्ठ उपासक आशानरसिंह धुँमन र उपासिका ज्ञान नानी वाडेलाई दोसला ओढाई सम्मान पत्र प्रदान गरिएको थियो ।

समूहको अध्यक्ष दीपक राज साँपालको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा ल्यायम्ह पुचःको उपाध्यक्ष गणेश हरी प्रजापतिले स्वागत भाषण गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा अतिथी श्रद्धेय डा. अनुप श्रेष्ठाचार्य, कोषाध्यक्ष रत्न भक्त हाँय्जु, सचिव कृष्ण कुमार प्रजापतिले असार पूर्णिमाको दिन भगवान बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभई ज्ञान दिनुभएको कारणले "असार पूर्णिमा" गुरूपूर्णिमाको रूपमा रूपान्तर भएको विषयमा विश्लेषण गर्नु भएको थियो ।

सभाध्यक्ष दीपकराज, सांपालले धन्यवाद व्यक्त गरी सामूहिक पुण्याणुमोदन गरी कार्यक्रम समापन गरिएको उक्त कार्यक्रम पश्चात् नगदेश बुद्ध विहारमा मित्रराष्ट्र, थाइलैण्डबाट तपवती गुरूमां र कुशलावती गुरूमां लगायत धर्मकीर्ति विहारबाट भिक्षुणी केशावती सहित ३ जना गुरूमांहरू वर्षावास वस्नु भएको थियो ।

## त्रिरत्न मानन्धर सम्मानित

त्रिरत्न मानन्धरले Study on Buddha's Approach to Economic Development विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधी गर्नुभएको उपलक्ष्यमा उहाँलाई यही २०७३ श्रावण २२ गते शनिवार धर्मकीर्ति विहारको धम्महलमा सम्मान गरिएको छ । उर्मीला तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले आर्शिवचन दिनुभएको थियो भने डा. त्रिरत्न मानन्धरले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया ज्याङ्वः

१) ने.सं. ११३६ दिल्लाथ्व अष्टमी कुन्हु मैत्री बोधिसत्व जमः बहालय् श्रद्धेय कुसुम गुरूमां पाखें न्ह्याका बिज्याःगु बुद्ध पूजा व धर्मदेशना ज्याभ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें भजन प्रस्तुत जूगु जुल ।

जलपान दाता पञ्चविर सिं तुलाधर पाखें १०००।– दां मोटर भाँडाया निति वियादीगु खः ।

भजन सामान ल्ह्ययत् सामान तय्गु ट्रक छगः सरजु शैलेन्द्र वज्राचार्य पाखें तयादीगु खः ।

२) ने.सं. दिल्लाथ्व पारू कुन्हु सानु मानन्धरया ब्वनाय् धर्मकीर्ति विहारे प्राणीया सुगती कामना यासे धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात निमन्त्रणा यानादिसे भजन जूगु जुल । उगु ज्याःभ्वलय् वयकः यात छ्याञ्जे प्रेम लक्ष्मीं खाडा क्वखाय्काः धर्मकीर्ति भजनमाला C.D. देछानादीगु खः । वयकः मानन्धरं नं भजनयात २०००।– चन्दा वियादीगु खः ।

३) पूजनीय भिक्षुणी धम्मवती गुरूमांया ८३ दँ बुदिंया लसताय् अभिधम्म पाठया भ्वलय् च्यान्हुयंक धर्मकीर्ति ज्ञानमाला भजन जूगु जुल । गुरू पन्नाकाजी शाक्य, लगायत सकल धर्मकीर्ति भजन खलः पिसं ब्वति काःगु उगु ज्याभ्वलय् गुरू पुन्ही कुन्हु भजन खलः पाखें गुरूमां धम्मवती, विशेष गुरू पन्नाकाजी, शीव, मानकृष्णपिंव नं वयकः पिनिगु गुणयात कदरयासे गुरूं हनेज्या जुगु जुल ।

वसपोल गुरूमां पाखें ५०००।– दां दांभरी बुद्ध रत्न कसाः यात लल्हाना बिज्यात ।



Downloaded from http://www.dhamma.digital

**गुरू हनेज्याय् दां बियाः ग्वाहालि यानादीपिं–**
हिरा देवी शाक्य ३५००।-, दुर्गा देवी डंगोल २,०००।-
चिनीमाया वज्राचार्य १,०००।-,
नानीहिरा तुलाधर २००।-, रीता महर्जन १५५।-
प्रेम लक्ष्मी तुलाधर १०५।-, पद्मा दिदी १०५।-

**रु. १००/- बियाः ग्वाहालि यानादीपिं –**
अनिता शाक्य, सुनहेरा तुलाधर, नानीहेरा तुलाधर, मीन देवी शाक्य, लक्ष्मी डंगोल, राधा मानन्धर, पूर्ण हिरा तुलाधर, मैंया तुलाधर, छोरी महर्जन, धर्म महर्जन, अष्ट माया महर्जन, रत्न शोभा महर्जन, नानी छोरी प्रजापति ।

**रु. ५०/- ग्वाहालि यानादीपिं –**
विमला शाक्य, केशरी शाक्य, सूर्ज देवी शाक्य, धर्म लक्ष्मी शाक्य, सुशीला तुलाधर, बुद्धरत्न महर्जन ।

| | **खर्च –** |
|---|---|
| द्यो– | १०००।- |
| गुरू दक्षिणा | ५५००।- |
| चिया खर्च | १३६०।- |
| त्वाःकः इचिङ्ग | ९००।- |
| **जम्मा –** | ८,७६०।- |

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

**8,462**

# The one-hundredth Prince

## (Obedience to a Wise Teacher)

Once upon a time, there was a king who had one hundred sons. The youngest, the one-hundredth, was prince Gamani. He was very energeticm patient and kind.

All the princes were sent to be taught by teachers. Prince Gamani, even though he was the one-hundredth in line to the throne, was lucky enough to have the best teacher. He had the most learning and was the wisest of them of all. He was like a father to Prince Gamani, who liked, respected and obeyed him.

In those days, it was the custom to send each educated prince to a different province. There he was to develop the country and help the people. When Prince Gamani was old enough for this assignment, he went to his teacher and asked which province he should request. He said, "Do not select any province. Instead, tell your father the king that if he sends you, his one-hundredth son, out to a province, there will be no son remaining to serve him in his home city." Prince Gamaini obeyed his teacher, and pleased his father with his kindness and loyalty.

Then the prince went again to his teacher and asked, "How best can I serve my father and the people, here in the capital city?" The wise teacher replied, "Ask the king to let you be the one to collect fees and taxes, and distribute benefits to the people. If he agrees, then carry out your duties honestly and fairly, with engergy and kindness."

Again the prince followed his teacher's advice. Trusting his one-hundredth son, the king was glad to assign these functions to him. When he went out to perform the difficult task of collecting fees and taxes, the young prince was always gently, fair and lawful. When he distributed food to the hungry, and other necessary things to the needy, he was always generous, kind and sympathetic. Before long, the one-hundredth prince gained the respect and affection of all.

Eventually, the king came to be on his deathbed. His ministers asked him who should be the next king. He said that all his one-hundred sons had a right to succeed him. It should be left up to the citizens.

*to be continue ... ...*

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



बुन्ही :
१९९८ आश्वीन
२० गते

मदुगुन्हि :
२०७३ असार
३ गते

# दिवंगत बिष्णु माया मानन्धर

जिमि अतिकं गुणीम्ह जहान **बिष्णु माया मानन्धर** ७५ दँया उमेरय् वंगु २०७३ असार ३ गते अनित्यगु देह तोता दिवंगत जुल। जिमी जहानया परलोक जीवन सुखमय ज्वीमा । नापं संसार दुःखं तरेजुया निर्वाणसुख लाभ यानाकाये फयेमा धकाः पुण्यानुमोदना यानाच्वना । विचाःहाय्का दीपिं, श्रद्धाञ्जली देछानाः मैत्रीपूर्ण सद्भाव व्यक्त यानादीपिं सकल थःथिति-पासाभाईपिन्त साधुवाद देछानाच्वना।

जहानः **गौरी शंकर मानन्धर**

काय्ः **केदार काजी मानन्धर** – भौः **नारायण देवी मानन्धर**

काय्ः **हरि शंकर मानन्धर** – भौः **शोभा लक्ष्मी मानन्धर**

म्ह्याय्ः **बद्रि माया** – जिलाजंः **शंकर कालिकोटा**

म्ह्याय्ः **गुह्येश्वरी** – जिलाजंः **प्रदीप श्रेष्ठ**

काय् छय्पिंः **दिपु मानन्धर, प्रजु मानन्धर, लुज मानन्धर, लुना मानन्धर**

म्ह्याय् छय्पिंः **म्रिदुल कालिकोटा, अंकिता श्रेष्ठ, अन्तरा श्रेष्ठ**

बनेपा-१०

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




साभार- लहना पत्रिका

भिक्षुणी धम्मवतीबाट तत्कालिन प्रधानमन्त्री श्री के.पि. शर्मा ओलीलाई सम्मानपत्र प्रदान गरिंदै

वर्ष-३४; अङ्क-४

बु.सं. २५६०, गुंपुन्हि

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध मासिक

## नाफा नोक्सान हिसाब

### २०७२ बैशाख देखि चैत्र मसान्त सम्म

| क्र. सं. | खर्च | रकम | क्र. सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | कागज खर्च | ९१,३१४.५२ | १ | ग्राहक शुल्क | ९०,०००.०० |
| २ | छपाई खर्च | ४३५,८४०.०० | २ | विज्ञापन आम्दानी | ३८७,१३०.०० |
| ३ | मशलन्द खर्च | २,२९०.०० | ३ | ब्याज प्राप्त | ४२,९२४.४३ |
| ४ | हुलाक खर्च | १०,३८०.०० | ४ | दान वा चन्दा | ४,१००.०० |
| ५ | ढुवानी खर्च | ४,०५०.०० | ५ | पत्रिका विक्री | |
| ६ | कार्यालय खर्च | ५,६३०.०० | ६ | नपुग रकम पूँजीमा घटाएको | २७,२००.०९ |
| ७ | फुटकर खरिद | १,३५०.०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | ५००.०० | | | |
| ९ | बाँकी रकम पूँजीमा सारिएको | | | | |
| | **जम्मा** | ५५१,३५४.५२ | | **जम्मा** | ५५१,३५४.५२ |

# धर्मकीर्ति बौद्ध मासिक

## वासलात

### २०७२ चैत्र मसान्त सम्म

| क्र. सं. | पूँजी तथा दायित्व | रकम | क्र. सं. | सम्पत्ती | रकम |
|---|---|---|---|---|---|
| १ | पूँजी | १,०५८,९०९.३८ | १ | नेपाल बैक लि., कान्तिपथ | १३३,००१.९५ |
| २ | विशेष सदस्य | १८,०१०.०० | २ | नेपाल बैक लि., क्षेत्रपाटी | १४,५७६.२५ |
| ३ | बाँकी रकम पूँजीमा सारिएको | (२७,२००.०९) | ३ | शुभगणपति सहकारी | १००,२४५.०० |
| | | | ४ | मुद्दती खाता | ७२०,०००.०० |
| | | | ५ | सि.एम.वि.फाइनान्स | ६८,६४६.०९ |
| | | | ६ | कागज मौज्दात | ११,७५०.०० |
| | | | ७ | सानो नगदी कोष | |
| | | | ८ | धरौटी (पो.ब.नं.) | १,५००.०० |
| | **जम्मा** | १,०४९,७१९.२९ | | **जम्मा** | १,०४९,७१९.२९ |

Downloaded from http://www.dhamma.digital